# सौर्य दैनिक

www.souryaonline.com






वर्ष ११ | अंक २२२ | बिहीबार, १३ असोज २०७९ | SOURYA NATIONAL DAILY | Thursday, 29 September 2022 | पृष्ठ : ८ | मूल्य रू. ५




**हिमालमै अस्ताइन हिउँकी खेलाडी :** मनास्लु हिमालमा सोमबार गएको हिमपहिरोमा परी बेपत्ता भएकी विश्व चर्चित स्की खेलाडी हिलारी नेल्सन मृत अवस्थामा फेला परेकी छन् । अमेरिकी नागरिक नेल्सनको शव बुधबार बिहान फेला परेको हो । उत्तरी गोरखाको मनास्लु हिमालमा गत सोमबार गएको हिमपहिरोमा परी उनी बेपत्ता भएकी थिइन् । मनास्लु जाँदा हिलारीको जीवन साथी जिम मोरिसन साथै थिए । मोरिसन पनि विश्व चर्चित स्की खेलाडी हुन् । मोरिसन भने सकुशल आधार शिविरमा फर्कन सफल भएका थिए । नेल्सनको शव हेलिकोप्टरमार्फत काठमाडौं ल्याइएको छ । ४९ वर्षीया नेल्सन मनाङतर्फ पर्ने भीमथाङमा हराएकी थिइन् । नेल्सनले सन् २०१८ मा मोरिसनसँगै स्की गर्दै ल्होत्से हिमालको चुचुरोबाट अवरोहण गरेकी थिइन् । आठ हजार मिटरमाथिको दुई हिमालको चुचुरोबाट स्की गर्दै अवरोहण गरेको कीर्तिमान पनि उनकै नाममा छ । अमेरिकाको सियाटलमा जन्मिएकी नेल्सनलाई सन् २०१८ मा नेसनल जोग्राफीले साहसी खेलाडीको सूचीमा राखेको थियो । सन् २००५ मा उनले चोयु हिमालको चुचुरोबाट पनि स्की गरेकी थिइन् । २४ घन्टाको अन्तरालमा सर्वोच्च शिखर सगरमाथा र आठ हजार मिटरभन्दा अग्लो ल्होत्से हिमालको सफल आरोहण गर्ने पनि उनी पहिलो महिला हुन् । ***तस्बिर सौजन्य : हिलारी नेल्सनको फेसबुक***

### नेपाली कांग्रेसमा आन्तरिक कलह

# कार्यालयमा शेखर समूहको धर्ना

**सौर्य समाचार**



काठमाडौं । नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइराला समूह आफ्नै पार्टीको संस्थापन पक्षविरुद्ध आन्दोलनमा उत्रिएको छ । प्रधानमन्त्रीसमेत रहेका पार्टी सभापति शेरबहादुर देउवाले समानुपातिकतर्फ उम्मेदवार छनोटमा एकलौटी गरेको आरोप लगाउँदै कोइराला समूहले पार्टी कार्यालय सानेपामा बुधबार धर्ना दिएको छ ।

संस्थापन पक्षविरुद्ध आन्दोलमा उत्रिएको कोइराला समूहले असोज १४ गतेभित्र समानुपातिकतर्फको उम्मेदवारको सूची सच्याउन सभापति देउवासँग माग गरेको छ । पार्टी सभापति देउवा पनि कोइराला समूहको मागप्रति केही सकारात्मक देखिएका छन् ।

सभापति देउवाले कोइराला समूहको मागअनुरूप, समानुपातिक उम्मेदवारको सूची केही संशोधन गर्न सकिने बताउँदै आएका छन् । यसका लागि देउवाले मंगलबार र बुधबार बालुवाटारमा पार्टीका शीर्ष नेताहरूसँग छलफल गरेका छन् ।

पार्टी केन्द्रीय कार्यालयमा भएको कोइराला समूहको धर्नामा जगदीश्वरनरसिंह केसी, गुरूराज घिमिरे, भूपेन्द्रजंग शाहीलगायतका नेताहरूको उपस्थिति रहेको थियो । धर्नामा खासगरी कोइराला समूहको दोस्रो तहका नेताहरूको बाक्लो उपस्थिति थियो ।

कोइराला समूहले प्रतिनिधिसभा र प्रदेशसभाको आगामी निर्वाचनमा सत्ता गठबन्धन दलहरूबीच हुने सिट बाँडफाँडको विषयमा पनि चासो व्यक्त गरेको छ । बाँडफाँडमा कांग्रेसले सम्मानजनक सिट पाउनुपर्ने उनीहरूको माग छ । अधिकांश ठाउँमा कांग्रेसका उम्मेदवार हुनुपर्ने र कांग्रेसका कार्यकर्ताहरूले रूखमै भोट हाल्न पाउनुपर्ने माग पनि कोइराला समूहले गर्दै आएको छ ।

कोइराला समूहले प्रत्यक्षतर्फको उम्मेदवारीमा पनि सभापति देउवाले एकलौटी गरेको आरोप लगाएको छ । बुधबारको धर्नापछि पनि आफ्ना माग सम्बोधन नभए चरणवद्ध रूपमा आन्दोलनका थप कार्यक्रम अगाडि बढाउने चेतावनी पनि उनीहरूले दिएका छन् । धर्नामा सहभागी नेता

बाँकी पृष्ठ २

### कांग्रेसमाथि खनिए मिश्र

# राप्रपा र रविन्द्र मिश्र पक्षबीच एकता



**सौर्य समाचार**

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र विवेकशील साझा पार्टीका निर्वतमान अध्यक्ष रवीन्द्र मिश्रको समूहबीच एकता भएको छ । काठमाडौंको राष्ट्रिय सभागृहमा बुधबार आयोजित एक कार्यक्रमबीच राप्रपा र विवेकशील साझा पार्टी त्यागेका रवीन्द्र मिश्र नेतृत्वको बृहत्तर ध्रुवीकरण पक्षधरबीच एकताको घोषणा भएको हो ।

एकताको सहमतिपत्रमा राप्रपाको तर्फबाट अध्यक्ष राजेन्द्र लिङ्देन र अर्को पक्षबाट रवीन्द्र मिश्रले हस्ताक्षर गरेका छन् । अध्यक्ष राजेन्द्र लिङ्देनपछिको वरीयतामा रहने गरी वरिष्ठ उपाध्यक्ष पदसहित मिश्र राप्रपा प्रवेश गरेका हुन् ।

यसअघि गत सोमबार मिश्रले विवेकशील साझा पार्टीको साधारण सदस्यबाट समेत राजीनामा दिएका थिए । मिश्र प्रतिनिधिसभा र प्रदेशसभाको आगामी मंसिर ४ गते हुने निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर १ बाट चुनावी प्रतिस्पर्धाको तयारीमा रहेका छन् ।

सहमतिअनुसार, अब मिश्र राप्रपाको वरिष्ठ उपाध्यक्ष हुनेछन् । उनको नेतृत्वमा राप्रपामा प्रवेश गर्नेहरूलाई भने केन्द्रीय कार्यासम्पादन समितिलगायतमा सातदेखि १० दिनभित्र तहगत समायोजन गर्ने सहमति भएको बताइएको छ ।

प्रदेश कमिटी लगायतका अन्य कमिटीको तहगत समायोजनका लागि दुवै पक्षका दुई/दुई जना नेताहरू रहेको कार्यदल बनाउने सहमति पनि भएको छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका क्रममा दुवैका पक्षका कमिटीहरूलाई मिलेर अगाडि बढ्न निर्देशन दिने सहमति पनि भएको छ ।

मिश्र राप्रपा प्रवेश गरेसँगै विवेकशील साझा पार्टीका प्रदेश-१ बाहेक सबै प्रदेश संयोजकले आफ्नो पदबाट राजीनामा दिएका छन् । राजीनामा दिनेमा

बाँकी पृष्ठ २

## डेंगुबाट एकै दिन चार जनाको मृत्यु

**सौर्य समाचार**

काठमाडौं । देशव्यापी रूपमा फैलिएको डेंगुको संक्रमणले पछिल्लो समय विकराल रूप लिँदै गएको छ । डेंगुका कारण एकै दिन चार जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, पछिल्लो २४ घण्टाको अवधिमा देशभर २ हजार २६ जना डेंगुका नयाँ बिरामी थपिएका छन् ।

मन्त्रालयका अनुसार योसँगै नेपालमा डेंगुका बिरामीको संख्या २७ हजार ५ सय ६९ पुगेको छ । यो वर्ष डेंगुका कारण मृत्यु हुनेको संख्या ३६ पुगेको छ । यसवर्ष देशका ७७ मध्ये ७६ जिल्लामा डेंगुका

बाँकी पृष्ठ २



## दुर्घटनामा एकै घरका ६ जनाको मृत्यु

**रमेशकुमार वली**



सल्यान । बडादसैं सुरु भएको तीन दिन पनि बित्न नपाउँदै सल्यानको कपुरकोटमा बुधबार बिहान नौ जना सवार डबल क्याप जिप दुर्घटना भएको छ । दुर्घटनामा परी एक महिलासहित आठ जनाको मृत्यु भएको छ । आठै जनाको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा एक जना घाइते भएका छन् ।

बाँकेको ढकेरीबाट सिनवाङका लागि छुटेको रा १ ज ५६३ नम्वरको जिप राप्ती राजमार्गअन्तर्गत कपुरकोट गाउँपालिका-३ मूलपानी र वनस्पति कार्यालयबीचको डाँडामा दुर्घटना भएको हो । दुर्घटनामा एकै घरका ६ जनाको मृत्यु भएको हो । दुर्घटनामा परी जिप चालक कपुरकोट-६ जलवांङका २१ वर्षीय जितबहादुर बोहराको पनि मृत्यु भएको छ ।

यसैगरी सोही स्थानका ३७ वर्षीय धर्मा वली, ४० वर्षीय टोपबहादुर वली, उनका ११ वर्षीय छोरा वसन्त वली, सोही ठाउँका ३० वर्षीय सुरेश खत्री, ७० वर्षीय खुमलाल वली, ५५ वर्षीया कुमारी वली र कपुरकोट-५ रिमका ३५

बाँकी पृष्ठ २




## दुर्घटनामा...

वर्षीय ललित वलीको मृत्यु भएको छ । दुर्घटना परी कपुरकोट-६ जलवाङका ३५ वर्षीय तिलक वली घाइते भएका छन् । बाँकेको ढकेरीबाट बिहे भोज खाएर फर्कंदै गरेका व्यक्तिलाई बोकेको जिप अनियन्त्रित भएर सडकबाट करिब १ सय ५० मिटर तल खसेको थियो । चालककै लापरवाहीका कारण दुर्घटना भएको अनुमान प्रहरीको छ । गत वर्ष कात्तिक २१ गते भाइटीकाको भोलिपल्ट जिल्लाको दुलधाराबाट दाङको तुलसीपुर जाँदै गरेको ना १ ख २५५२ नम्बरको बस पनि कपुरकोट गाउँपालिका-५ खारखोलामा दुर्घटना भएको थियो । बस दुर्घटनामा परेर १२ यात्रुको मृत्यु भएको थियो भने २८ जना घाइते भएका थिए । त्यतिबेला पनि तीव्र गतिका कारण सहज ठाउँमा दुर्घटना भएको निष्कर्ष प्रहरीले निकालेको थियो ।

यी दुई त ठुला दुर्घटना मात्र हुन् । जिल्लामा चाडपर्वको समयमा हुने दुर्घटनामा अझै कमी आउन सकेको छैन । सडक दुर्घटनाका कारण थुप्रैले ज्यान गुमाउने गरेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष ०७८/७९ मा जिल्लाका विभिन्न स्थानमा १ सय ४५ दुर्घटना भएका छन् । दुर्घटनामा परी ३४ जनाको मृत्यु भएको थियो भने २ सय ४२ घाइते भएका थिए । जिल्ला प्रहरी कार्यालय सल्यानका प्रमुख, डिएसपी दामोदर केसी चालकको लापरबाही र सडक तथा सवारी साधनको अवस्थाले बढी दुर्घटना हुने गरेको बताउँछन् । ग्रामीण क्षेत्रसँगै राजमार्गमा बढीमात्रामा सवारी दुर्घटना हुने भएकाले राप्ती राजमार्ग केन्द्रित भएर चाडपर्वको समयमा हुनसक्ने दुर्घटना न्यूनीकरण गर्न प्रहरी र ट्राफिक प्रहरी सक्रियताका साथ लागेको उनले बताए । उनले दुर्घटना न्यूनीकरण गर्न र त्यसबाट हुनसक्ने क्षतिलाई कम गर्न चालकसँग दुई मिनेट अभियान पनि सञ्चालन गरिएको जानकारी दिए । 'बुधबार भएकै घटनालाई हेर्न हो भने पनि सल्यानबाट बिहान बाँके गएर बिहे भोजमा सहभागी भई राती साढे ११ बजे मात्रै जिल्ला फर्किएको पाइयो । जिप कपुरकोट चेक प्वाइन्टमा पनि इन्ट्री नगरेर हिँड्यो । यो चालककै लापरबाही हो,' उनले भने, 'घुम्ति पनि छैन, सडक साँघुरो पनि छैन । चालक निदाएको आशंका छ, त्यसैले चालकलाई फ्रेस बनाउन पनि चालकसँग दुई मिनेट अभियान सञ्चालन गरेका छौं ।' यसैगरी दसैं-तिहारलाई लक्षित गरेर जिल्लाका सात स्थानमा नागरिक सहायता कक्ष स्थापना गरिएको पनि उनले बताए । स्थानीय तोरण बस्नेतले जीर्ण सडकसँगै सवारी चालकमा हुने अस्वस्थ प्रतिष्पर्धाले दुर्घटनाको जोखिम बढाएको बताए ।

'सडक जीर्ण छ भन्ने थाहा हुँदाहुँदै पनि तीव्र गतिमा सवारी हाँक्नु, क्षमताभन्दा बढी यात्रु राख्नुलगायत कारणले दुर्घटनाको जोखिम धेरै छ', उनले भने, 'यात्रुको सुविधाभन्दा पनि चाडपर्वको समयमा बढी पैसा कमाउने लोभले दुर्घटना हुने सम्भावना धेरै देखिन्छ ।'

असोज लागेपछि देशका विभिन्न भागमा भएको यो तेस्रो ठुलो दुर्घटना हो । यसअघि असोज ६ गते एकै दिन दुई ठुला दुर्घटना भएका थिए । ती दुई दुर्घटनामा परी १२ जनाको मृत्यु भएको थियो । मकवानपुरको भीमफेदी गाउँपालिका जुरिखेतमा बस दुर्घटना हुँदा सात जनाको मृत्यु भएको थियो । काठमाडौंबाट वीरगञ्जका लागि छुटेको ना ३ ख ७८५८ नम्बरको बस आरोलोमा सडकबाट तल खसेर दुर्घटना भएको थियो । यसैगरी रुकुमपूर्वको भूमे गाउँपालिका-३ क्याङ्सी बगरमा भएको बस दुर्घटनामा परी पाँच जनाको मृत्यु भएको थियो । काठमाडौंबाट रुकुमकोट जाँदै गरेको ग १ ख ९१०९ नम्बरको बस दुर्घटना हुँदा घटनास्थलमै पाँच जनाको मृत्यु भएको थियो ।

## डेंगुबाट...

बिरामी भेटिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार अहिले सबैभन्दा बढी डेंगुका बिरामी बामगती प्रदेशमा भेटिएका छन् । बागमती प्रदेशमा २१ हजार ५ सय ८९ जना डेंगुका बिरामी भेटिएका छन् । बागमति प्रदेशमध्ये पनि काठमाडौं उपत्यकामा सबैभन्दा बढी डेंगुका संक्रमित भेटिएका छन् । डेंगुको संक्रमण तीव्र रूपमा फैलँदै गएपछि उपत्यकाका अस्पतालहरूमा उपचार गराउन आउनेहरूको भिड बढेको छ । डेंगुका बिरामीको बढ्दो चापका कारण उपत्यकाका कुनै सरकारी अस्पतालमा बेड (शयचा) पाउनसमेत नसकिने अवस्था छ । गत साउन १ गतेदेखि हालसम्म प्रदेश-१ मा ८ सय १५, मधेस प्रदेशमा ४ सय ५, गण्डकी प्रदेशमा ६ सय ५३, लुम्बिनी प्रदेशमा ३ हजार ५०, कर्णाली प्रदेशमा २ सय ३६ र सुदूरपश्चिम प्रदेशमा ८ सय २१ जना डेंगुका बिरामी भेटिएका छन् । डेंगु नियन्त्रणमा सरकार उदासीन देखिएको आरोप सत्ता गठबन्धनमा आबद्ध दलका नेताहरूले नै लगाउँदै आएका छन् । उनीहरूले डेंगु नियन्त्रणका लागि तत्काल आवश्यक कदम चाल्न सरकारलाई आग्रह गरेका छन् । डेंगु संक्रमितको संख्या बढिरहेकाले आवश्यक सतर्कता अपनाउन पनि मन्त्रालयले आग्रह गरेको छ । एडिज प्रजातिको लामखुट्टेबाट सर्ने डेंगुको बिरामी नेपालमा पहिलोपटक ०६१ सालमा भेटिएको थियो । त्यसयता पटकपटक नेपालमा डेंगुका विरामी भेटिएका छन् । तर, यो वर्ष भने डेंगुको संक्रमणले विकराल रूप लिएको छ । यसैबीच, सरकार संवेदनशील नहुँदा डेंगु रोग महामारीकै रूपमा फैलिएको विज्ञहरूले बताएका छन् । उनीहरूले डेंगु जोखिम बढ्दै गएको र यसले महामारीकै रूप लिन सक्ने चेतावनी दिएका छन् । स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक एवं जनस्वास्थ्य विज्ञ डा.बाबुराम मरासिनीले अहिलेकै गतिमा डेंगु फैलिए योभन्दा बढी भयावह अवस्था आउने बताए । सरकारले डेँगुलाई प्राथमिकतामा नराख्दा यस्तो स्थिति आएको उनले बताए । 'बग्ने पानीमा लामखुट्टेले फुल पार्दैन । जमेको पानीमा फुल पार्छ । लामखुट्टे अत्यन्त चलाख प्राणी हो', उनले भने, 'जाडो आएपछि डेंगु जान्छ, टाउको हलुंगो हुन्छ भन्ने नसोचौं ।' उनले डेंगु रोकथामका लागि सरकारले दीर्घकालीन योजना बनाउनुपर्ने सुझाव दिए । उनले डेंगुको संक्रमण मधेसका जिल्लामा अझ फैलन सक्ने चेतावनी पनि दिए । यसैगरी स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक एवं जनस्वास्थ्यविज्ञ डा.डिबी ठाकुरले डेंगु जनस्वास्थ्य समस्या बनेको बताए । उनले सरकारले तत्काल डेंगु नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नु आवश्यक रहेको बताए ।

## राप्रपा...

दिनेश भण्डारी, कर्णालीका कर्णबहादुर शाही, लुम्बिनीका अनुपमान सैंजु, गण्डकीका सुशीला केसी अधिकारी, बागमतीका उज्ज्वलकृष्ण श्रेष्ठ र मधेस प्रदेशका धनपति महतो रहेका छन् ।

प्रदेश-१ का इन्चार्ज प्रकाशचन्द्र परियार भने विवेकशील साझा पार्टीमै छन् । उनलाई पार्टीले हालै प्रवक्ताको जिम्मेवारी दिएको छ । राजीनामा दिएका प्रदेश संयोजकमध्ये मधेसका महतोबाहेक सबैजना राप्रपामा प्रवेश गरेका छन् । पार्टी एकता घोषणा कार्यक्रममा मिश्रले आफूमा भन्दा नेपाली कांग्रेसमा बढी विचलन आएको टिप्पणी गरे । 'मलाई पश्चगामी र प्रतिगामी के मात्र भनेनन्', मिश्रले भने, 'नेपाली कांग्रेसका नेताहरूले ममा विचलन आएको भन्नुहुन्छ, ०४६ पछि कांग्रेसमा धेरै विचलन आयो कि ममा धेरै विचलन आयो ?' नेकपा माओवादीले ०५२ सालमा सशस्त्र युद्ध गर्दा कांग्रेसकै सरकार रहेको बताउँदै मिश्रले लाउडा, धमिजाजस्ता काण्ड पनि कांग्रेसकै पालामा भएको दावी गरे । कांग्रेसका नेता बिपी कोइरालाको आदर्श अहिले राप्रपाले बोकिरहेको दाबी मिश्रको छ । 'कांग्रेसको आदर्श अहिले हामीले बोकिरहेका छौँ, राष्ट्रिय मेलमिलापको नीति हामीले बोकेका छौँ', उनले भने । कांग्रेसले गणेशमान सिंह र कृष्णप्रसाद भट्टराइलाई रुवाएर पार्टी छाड्न बाध्य बनाएको आरोप पनि लगाए । कांग्रेसले विगतमा आफ्नै कार्यकर्तामाथि आक्रमण गर्ने नेकपा माओवादी केन्द्रसँग घाँटी जोडेको बताउँदै मिश्रले प्रश्न गरे, 'तपाईंहरूले कार्यकर्ताको घाँटी रेट्नेसँग बढी समय बिताइरहनुभएको छ कि जनतासँग ?' उनले तराजु छोडेर हलो बोक्न आफूलाई कुनै लाज नलागेको प्रतिक्रिया पनि दिए । राप्रपा प्रवेश गर्दा आफूलाई केही व्यक्तिले खिसी गरेको बताउँदै भने, 'मलाई तराजु छाडेर हलो बोक्न कुनै लाज लागेको छैन ।' विवेकशील साझा पार्टीको चुनावचिन्ह तराजु हो भने राप्रपाको चुनावचिन्ह हलो हो । कार्यक्रममा आफ्नो धारणा राख्दै राप्रपा अध्यक्ष लिङ्देनले आगामी निर्वाचनबाट राप्रपा पहिलो पार्टी बन्ने दावी गरे । उनले नागरिकले विश्वासिलो विकल्प खोजिरहेको र राप्रपा त्यही विकल्प भएको दावी पनि गरे । 'राप्रपाले धेरै सिट ल्याउने मात्र होइन, पहिलो पार्टी बन्छ', उनले भने, 'मतदाताले विश्वासिलो विकल्प खोजिरहेका छन् । विकल्प खोजिरहेको मतदाताको नजरमा राप्रपा परेको छ ।' राप्रपाले विगतमा गलत व्यवस्थापनका कारण पटकपटक चुनाव हारेकाले कार्यकर्तामा हीन मानसिकता देखिएको पनि लिङ्देनले बताए । लिङ्देनले पार्टीका नेता कार्यकर्तालाई निर्वाचन क्षेत्रमा जान र उम्मेदवारी घोषणा गर्न आग्रह पनि गरे । उनले प्रतिनिधिसभातर्फ १ सय ६५ र प्रदेशसभातर्फ ३ सय ३० सिटमै राप्रपाले उम्मेदवारी दिने पनि बताए ।

## कार्यालयमा...

आफूहरूको आन्दोलन न्यायका लागि भएको बताएका छन् । लामो समयदेखि पार्टीभित्र प्रतिपक्षीको भूमिकामा देखिँदै आएको कोइराला समूहले यसअघि पनि विभिन्न विषयमा सभापति देउवाको कार्यशैलीको आलोचना गर्ने गरेको थियो । कांग्रेस महाधिवेशनमा कोइराला सभापति पदमा देउवासँग पराजित भएका थिए । धर्नालगत्तै कोइरालाले आफ्नो समूहका नेता तथा कार्यकर्तासँग भेटघाट तीव्र बनाएका छन् । अर्कोतिर, कांग्रेसको संस्थापन पक्षले भने गठबन्धन बिथोल्ने गरी कोइराला पक्षधर नेताहरू अगाडि बढेको आरोप लगाएको छ ।


गौरीगङ्गा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का सम्वन्धी सूचना (GGM/GOODS/NCB/01/2079/080)**

**तेश्रो पटक प्रकाशित मिति २०७९/०६/१३ गते**

यस नगरपालिका वाट आर्थिक वर्ष २०७९।०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ (क) को उपदफा (१) र सुदुरपस्चिम प्रदेश आर्थिक ऐन २०७८ अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदीखोलाहरुमा ढुंगा गिट्टी, बालुवा, ग्राभेल, भरानमाटो सङ्कलन गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचना प्रकाशित गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीका लागि बेबसाइट https://www.bolpatra.gov.np/egp/ र www.gaurigangamun.gov.np मा गई हेर्न सकिनेछ ।

तपसिल

| ठेक्का नं. | नदी / खोलाको विवरण | कुल मात्रा घ.मि | न्यूनतम ठेक्का अङ्क रु.मा (भ्याट वाहेक) | टेण्डर फाराम दस्तुर (रु.) | धरौटी रकम |
|---|---|---|---|---|---|
| GGM/GOODS/NCB/01/2079/80 | गौरीगंगा,चौमाला, शिवगंगा,कान्द्रा, लिक्मा (सेती, मटकौना) | १७९९४९/- | १,९०,७४,५९४/- | ५०००। | कबोल अंकको ५ % |

प्रमुख प्रशासकिय अधिकृत



**Bhokraha Narsingh Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chirauli, Sunsari**
**Province No.1, Nepal**

**Invitation for E-Bids Only**

**( First Date of Publication: 29th September, 2022 AD)**

Bhokraha Narsingh Rural Municipality, Sunsari invites open competitive Electronic bids only from Nepalese eligible bidders for different construction works as per details given below under National Competitive Bidding (NCB) procedures.

| S. N. | Name of Project | Contract No. | Estimated Cost (Without VAT,etc) NPR | Bid Security Amount (NPR) | Remarks |
|---|---|---|---|---|---|
| 1. | "Construction of RCC Road at Ward Karyalaya dekhi purwa Kabristan ko paschim pati Alaudin Ansariko ghar dekhi dakshin niyamudin ansariko ghar najik jodiyeko bato samma" | BNRM/WORKS/RCCROAD/01/2079/2080 | 43,78,906.10 | 1,25,000.00 | Location: Ward 02 |
| 2. | "Construction of Pashu Sewa Kendra Bhawan located at Bhokraha Narsingh-07,Sunsari" | BNRM/WORKS/BLDG/02/2079/2080 | 40,26,045.87 | 1,25,000.00 | Location: Ward 07 |
| 3. | "Construction of Pashu Sewa Kendra Bhawan located at Bhokraha Narsingh-02,Sunsari" | BNRM/WORKS/BLDG/03/2079/2080 | 40,26,045.87 | 1,25,000.00 | Location: Ward 02 |

1. Eligible Bidders may obtain further information from the office of Bhokraha Narsingh Rural Municipality, Chirauli, Sunsari or may visit PPMO website: www.bolpatra.gov.np/egp under the name of Public Entity.
2. A complete set of Bidding Documents may be downloaded the bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp. and Bidders who wish to submit bid must deposit the cost of bidding document of a non-refundable fee of **NPR 3,000.00** in the project's Rajaswa (revenue) account as specified below. **Information to deposit the cost of bidding document in Bank:** Name of the Bank: Laxmi Bank , Branch : Bhokraha, Sunsari ,Name of Office: Bhokraha Narsingh Rural Municipality , **Sanchit Kosh Khata No Mul: 07903000212**
3. Pre-bid meeting shall be held at Bhokraha Narsingh Rural Municipality, Sunsari on ***October 18, 2022 AD* at 13:00 Office hours.**
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 Office hours** on **2nd November, 2022 AD.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 office hours on* 2nd November ,2022 AD** at the office of Bhokraha Narsingh Rural Municipality. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for ***30 days*** beyond the validity period of the bid.
6. Bidders may deposit Bid security amount in cash on **Deposit Account Number : 07903000168** at Laxmi Bank, Branch : Bhokraha, Sunsari in the name of Bhokraha Narsingh Rural Municipality, Sunsari.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bidder should declare for not working in more than five ongoing contracts in current fiscal year.
9. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through E- GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
10. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 (Amended).

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# किन चलेन दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल ?

राज्यको अर्बौं रुपैयाँ लगानी कसरी खेर गइरहेको छ ? भन्ने प्रश्नको ज्वलन्त उदाहरण बनेको छ । भैरहवामा निर्माण गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिआइए) । करिव ३१ अर्ब रुपैयाँको लगानीमा गत पुसमा निर्माण सम्पन्न भएको जिआइए गत जेठ १ गते वैशाख पूर्णिमाको दिनदेखि सञ्चालनमा ल्याइएको थियो । सञ्चालनमा आएको साढे चार महिना पुग्न लाग्दा पनि जिआइएमा एउटा मात्रै विमान सञ्चालन गरिएको छ । कतार गन्तव्यको उक्त विमानले पनि सरकारी उदासीनताका कारण प्रर्याप्त यात्रु पाइरहेको छैन । यति ठूलो लगानीमा बनेको अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक एउटा मात्रै उडान हुनु, त्यसमा पनि प्रर्याप्त यात्रु नपाउनु भनेको सामान्य विडम्वना होइन । काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल टिआइएमा भन्दा जिआइएमा उडान गर्दा विमान कम्पनीहरूलाई प्रतिउडान २ लाख ५० हजार रुपैयाँ छुट छ । नेपालबाट कतार जाने यात्रुलाई पनि टिआइएबाट उडान गर्नुभन्दा जिआइएबाट उडान गर्दा जनही पाँच हजार रुपैंया सस्तो पर्छ । त्यसबाहेक तराईका सबै यात्रु र धादिङभन्दा पश्चिम तर्फको पहाडी भेगका सबै यात्रुका लागि काठमाडौंको टिआइएभन्दा भैरहवाको जिआइए पायक पर्छ । तैपनि जिआइएले गति लिन सकेको छैन । जिआइएले गतिलिन नसक्नुमा सरकारी उदासीनताबाहेक अरू कुनै पनि कारण छैनन् ।

भैरहवाको जिआइए विमानस्थल प्रयोग गर्ने यात्रु भनेका पर्यटक होइनन्, वैदेशिक रोजगारमा जाने र आउने यात्र हुन् । अहिले पनि नेपालबाट दैनिक सरदर एक हजार जना वैदेशिक रोजगारीका लागि खाडी मुलुक जान्छन्, त्यति नै संख्यामा फर्कन्छन् । त्यसमध्ये ७५ प्रतिशत यात्रुलाई भैरहवाको जिआइए नै पायक पर्छ । तर, जिआइएले दैनिक सयभन्दा बढी यात्रु पाउन सकेको छैन । भाडा सस्तो पर्दा पर्दै पनि, धेरैलाई पायक पर्दा पर्दै पनि जिआइएमा यात्रुहरू नजानुको मुख्य कारण कामदारको श्रम स्वीकृति, स्वास्थ्य परीक्षणको तथा भिसा आवेदनको काम भैरहवाबाट नहुनु हो । यी कामहरू अझै पनि काठमाडौंबाट मात्रै भइरहेको छ । यी काम लिन काठमाडौं आइसकेपछि फेरी प्लेन चढ्नका लागि भैरहवामा पुग्नु व्यावहारिक हुँदैन । अर्कोतर्फ जिआइए सहरी क्षेत्रभन्दा केही टाढा छ । तर विमान उडान तथा अवतरण गर्ने समयमा यातायातको सुविधा छैन । ट्याक्सी रिजर्भ गरेर जाँदा धेरै नै महँगो पर्ने गरेको छ ।

त्यसो त एकैसाथ दुई लाइट भए साँघुरो टर्मिनल भवन, डिपार्चर कक्षमा यात्रु बस्न पर्याप्त कुर्सी नहुनु, भन्सार र इमिग्रेसनमा पर्याप्त कर्मचारी नहुनु, भन्सारको एक्सरे मेसिन र ब्यागेज बेल्ट बेलाबेलामा बिग्रनु, चर्को गर्मी हुने ठाउँ भए पनि भिजिटरका लागि प्रतीक्षालय नहुनु, ग्राउन्ड ह्यान्डलिङमा पनि पर्याप्त जनशक्ति र इक्विपमेन्ट नहुनु, कफी सप, कन्फेक्सनरी र सोभेनियर सप पनि नहुनु, बिजनेस लाउन्ज नहुँदा बिजनेस क्लासका उडान गर्न समस्या लगायतका अनेकौं कठिनाइहरू जिआइएले बेहोर्दै आएको छ । सजिलै सामाधन गर्न सकिने समस्या पनि महिनौदेखि थाति छन् । अर्कातिर काठमाडौंको टिआइएले विमान तथा यात्रुको चाप थेग्न सकेको छैन, जसका कारण पर्यटन व्यवसायमा ठूलो असर परिरहेको छ । वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएको यतिका महिना बितिसक्दा पनि पूरा प्रयोगमा आउन नसक्नु ठूलो विडम्वना हो । संघीय सरकारलाई व्यापक दबाब दिन नसक्नु स्थानीय सरकार तथा प्रदेश सरकारको पनि कमजोरी हो । स्थानीय होटल व्यवसायीहरू पनि चनाखो हुनु जरुरी देखिन्छ ।

## मननीय



### गरिब

धनी मानिस पैसा भएका दरिद्र हुन् ।

*–डब्लु सी फिल्डस्*

गरिबी अपराधको जन्मदाता हो ।

*–मार्कस् औरिलीअस*

सबै मानिसलाई गरिब हुने अधिकार छ ।

*–रिचार्ड जेफेरिज्*

भोको मानिसको लागि खाना नै भगवान् हो ।

*–महात्मा गान्धी*

धेरै धन हुने व्यक्ति गरिब हुन्छन् ।

*–मार्सल म्याकलुहान*

खाली गोजीले गर्दा मानिस कहिल्यै पछि पर्दैन । खाली मस्तिष्क र खाली मनले मात्र गरिव हुन सम्भव छ ।

*–नोर्मान भिन्सेन्ट*

गरिबलाई समाजले लठ्ठीले लखेट्छ । कंगाललाई लखेट्दैन, कूचोले बढार्छ ।

*– फ्योदोर दोस्तोपेन्स्की*

# द्वन्द्वको घाउ बल्झाउने प्रस्तावित विधेयक



**ईश्वरी काफ्ले**

सरकारले विस्तृत शान्ति सम्झौताको करिब १६ वर्षपछि बल्ल एउटा विधेयक संसद्मा दर्ता गराएको छ । तत्कालीन सशस्त्र द्वन्द्वरत् पक्ष नेकपा (माओवादी) र सरकारबीच ०६३ मंसिर ५ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो । सोही सम्झौतामार्फत माओवादी हतियार बिसाएर संसद् छिरेको थियो । सो सम्झौतामा एकअर्काको कब्जामा रहेका व्यक्तिलाई सात दिनभित्र रिहा गर्ने, बेपत्ता बनाइएकाको स्थिति सार्वजनिक गर्ने र एक वर्षभित्र शान्ति प्रक्रियासँग सम्बन्धित बाँकी सबै काम पूरा गर्ने उल्लेख छ ।

तर, सरकारले सो कार्य सम्पन्न गर्न आठ वर्षपछि ०७१ सालमा एउटा ऐन ल्याएर दुई आयोग गठन गर्‍यो, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानविन आयोग । एक वर्षको म्याद पाएको आयोगले ऐनको अभावमा सिन्को भाँच्न सकेन र अध्यादेश ल्याएर पुनः एक वर्ष म्याद थपियो आयोगको । बितेका आठ वर्षमा यी दुई आयोगले गरेको काम भनेको पीडितको तथ्यांक संकलन मात्र हो । प्रतिनिधिसभाको म्याद सकिने बेला पारेर अहिले सरकारले संसद्मा एउटा अर्को विधेयक पेस गरेको छ र व्यापक विरोधपछि अहिले सो विधेयक विचाराधिनकै अवस्थामा छ ।

संक्रमणकालीन न्यायको विश्वव्यापी मान्यता भनेको सत्यको खोजी, परिपुरण, अभियोजन र फेरि नदोहोर्‍याउने प्रतिवद्धता हुन् । तत्कालीन द्वन्द्वरत् दुवै पक्ष यी मान्यतालाई सम्बोधन गर्नुभन्दा कसरी हुन्छ यसबाट उम्कने प्रयास गर्दै आएको छ । विगतमा पनि माओवादी र कांग्रेसको सरकार बन्दा यसलाई सम्बोधन गर्न ऐन ल्याउन नखोजेको भने होइन ।

०७३ साल ताका ल्याउन खोजिएको ऐनमा राष्ट्रिय, अन्तराष्ट्रियरूपमा व्यापक विरोध भएपछि सरकार पछि हटेपछि अहिले फेरि उही प्रकृतिको विधेयक ल्याइएको छ । त्यतिबेलाको विधेयकमा 'कर्तव्य पालनको सिलसिला र राजनीतिक उद्देश्यले' भएका घटनामा अभियोजन नलाग्ने अर्थ निहित थियो । यी दुई 'कर्तव्य पालनको सिलसिला' भन्दा सेना, प्रहरी वा सरकारी पक्षले गरेका सबैखालका हत्या, हिंसा, यातनाजस्ता पर्ने भए भने 'राजनीतिक उद्देश्य' भन्दा माओवादीले गरेका सबै अपराध यही कोटीमा पर्ने भए । यी दुवै कुराले उन्मुक्ति पाउने गरी ऐन आए सजाय पाउने कोटीमा कोही पर्दैन ।

तर, यसले संक्रमणकालीन न्यायको अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्दैन । अन्तर ाष्ट्रियरूपमा भन्दा द्वन्द्वसँग सम्बन्धित घटनालाई अन्तर्राष्ट्रिय मानवीय कानुन वा जेनेभा महासन्धिको आलोकमा हेर्नै पर्ने हुन्छ । जेनेभा महासन्धिको चार भागमध्ये पनि आन्तरिक सशस्त्र द्वन्द्वमा पालन गर्नुपर्ने नियम भनेर सबै भागको धारा चारमा उल्लेख छ । जसलाई जेनेभा महासन्धिको साझा धारा तीन भनिन्छ ।

सो साझा धारा तीनमा आन्तरिक सशस्त्र द्वन्द्वमा पनि घाइते भएर लडन नसकी शत्रुपक्षको कब्जामा परेको योद्धाको कब्जामा लिने पक्षले ओषधि-उपचार गर्नुपर्ने, कब्जामा परेका कसैलाई पनि कुनै पनि प्रकारको यातना दिन नपाइने, द्वन्द्व असंलग्न सर्वसाधारण वा गैरसैनिक व्यक्तिलाई निशाना बनाउन नहुने आदी छन् । यी कुराको उल्लंघनलाई अन्तर ाष्ट्रिय मानवीय कानुनको उल्लंघन मानिएको

> **विधेयकमा 'कर्तव्य पालनको सिलसिला र राजनीतिक उद्देश्यले' भएका घटनामा अभियोजन नलाग्ने अर्थ निहित थियो । यी दुई 'कर्तव्य पालनको सिलसिला' भन्दा सेना, प्रहरी वा सरकारी पक्षले गरेका सबैखालका हत्या, हिंसा, यातनाजस्ता पर्ने भए भने 'राजनीतिक उद्देश्य' भन्दा माओवादीले गरेका सबै अपराध यही कोटीमा पर्ने भए । यी दुवै कुराले उन्मुक्ति पाउने गरी ऐन आए सजाय पाउने कोटीमा कोही पर्दैन । तर, यसले संक्रमणकालीन न्यायको अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्दैन । अन्तर्राष्ट्रियरूपमा भन्दा द्वन्द्वसँग सम्बन्धित घटनालाई अन्तर्राष्ट्रिय मानवीय कानुन वा जेनेभा महासन्धिको आलोकमा हेर्नै पर्ने हुन्छ**

छ । संयुक्त राष्ट्रसंघको सदस्य भएको नाताले नेपालका लागि जेनेभा महासन्धि बाध्यकारी छ । अन्तर्राष्ट्रिय कानुन वा महासन्धिहरू राष्ट्रिय कानुन मात्र होइन संविधानभन्दा माथि हुन्छ अर्थात अन्तर्राष्ट्रिय कानुनसँग बाझिने गरी संविधान वा कानुन कुनै पनि देशले बनाउन पाउँदैनन् । यस हिसाबले पनि प्रस्तावित विधेयक अन्तर्राष्ट्रिय कानुनसँग बाझिएको देखिन्छ ।

नेपालमा यस्ता अधिकांश घटना छन् जसले स्पष्टरूपमा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लंघन गरेका छन् । तर, संक्रमणकालीन न्याय जटिल विषय पनि हो । यो कानुनले देखाएको बाटोमा अघि सर्ने हो भने सबैभन्दा पहिले द्वन्द्वका दुवै पक्षका नायकहरूले सार्वजनिक रूपमा पश्चात्ताप र क्षमायाचनाबाट थालनी गर्नुपर्ने हुन्छ । पीडितको विश्वास आर्जन गर्नु अहिलेको मुख्य चुनौती हो जसलाई यो विधेयकले स्वीकार गरेको छ । यो चुनौतीलाई द्वन्द्वका नायकहरूले कसरी आत्मसात् गर्छन्, त्यसैमा विधेयकको सफलता भर पर्छ ।

विधेयकले आमपीडितको विश्वास प्राप्त संक्रमणकालीन न्याय आयोगको कल्पना गरेको छ । तर, अहिलेसम्म मानव संसाधनदेखि प्राविधिक रूपमा पनि अपुरो र अक्षम रहेका आयोगहरूलाई सक्षम बनाउने, परिपूरणको मामिलामा पीडितमुखी निर्णय गर्न सक्ने बनाउनेतर्फ गर्नुपर्ने काम बग्रेल्ती छ । अहिलेको अवस्थामा नेपाल सरकारले आवश्यक नियम बनाउनेछ र काम कारबाहीको विषयमा आयोगले निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ मात्र भनेर पुग्दैन । यो मूल कानुनलाई आवश्यक पर्ने अवयवका रूपमा रहेका अन्य आधार-कानुन वा फाउन्डेसनल कानुनहरू पनि साथसाथै बनाउनुको सट्टा सम्पूर्ण विषय समेटर यो विधेयकलाई पूर्णता दिनु जरुरी छ । अन्त्यमा, पीडित र पीडकलाई मात्र पात्र मान्दा द्वन्द्वकालीन तुसको निप्टार हुँदैन । नेपालजस्तो आपसमा अन्योन्याश्रित सम्बन्ध भएको समाजमा झनै हुँदैन । सामुदायिक परिपूरणलगायत पीडकलाई सहमतिमा ल्याउने दृष्टिकोणले पनि सत्य अन्वेषण, तथ्य उद्घाटन र परिपूरण हरेक कार्यमा पीडितको समाजलाई अर्थात् घटना घटेको ठाउँको समाजलाई पनि संलग्न गराउनु अनिवार्य छ ।

# किन तुजुक देखाउँन्, शासकहरू ?



**निनाम लोवात्ती**

> **आफ्नो बुद्धि र विवेकले देखेअनुसार चल्ने र आफ्नो ब्रह्मले देखेको कुरो बोल्ने, लेख्ने नेता तथा कार्यकर्ताभन्दा पनि अह्रौटे, भरौटे, हनुमाने, लगाम लगाएको घोडासरह चढ्नेले जता झड्कारो त्यतै दौडने, चन्दादाता, आश्रयदाता, अन्नदाता, ठेकेदार, अनि मुठ्ठीभर प्रवृत्तिका मान्छेहरूको विभिन्न राजनीतिक दलमा हालीमुहाली भएकैले र, विभिन्न राजनीतिक दलमा यस्तै मान्छेहरूको भिड बढ्दै गएकोले गर्दा नै सरकारमा रहेका मान्छेहरू अनि राज्य पक्षका अनुदारवादी रूझान राख्ने मान्छेहरूले नेपालका आदिवासी जनजाति, महिला, उत्पीडित वर्ग/समूह, दलित, मधेसी, मुस्लिम, धार्मिक अल्पसंख्यक, तेस्रो लिंगी आदिका विरुद्ध जताभावी गर्ने गरेका छन**

आगामी मंसिर ४ गते नेपालमा संसदीय र प्रान्तीय (संघ र प्रदेशसभा) को निर्वाचन हुँदैछ । तर, सो निर्वाचनमा प्रत्यक्ष त के समानुपातिक (बन्द सूचीमा) मा समेत ससाना राजनीतिक दलदेखि लिएर ठूल-ठूला राजनीतक दलभित्रका प्रभावशाली नेताहरूले आफ्ना नातागोता, अह्रौटे, भरौटे, हनुमाने, झोलेपोके, लगाम लगाएको घोडासरह चढ्नेले जता झड्कारो त्यतै दौडनेहरू, चन्दादाता, आश्रयदाता, अन्नदाता, ठेकेदार, अनि मुठ्ठीभर प्रविद्धिका मान्छेहरूको मात्रै नाम सूची बनाएर निर्वाचन आयोगमा पठाएका छन्, पेस गरेका छन् । यसरी हेर्दा पैसो नहुने, इमानदार र लामो समयदेखि विभिन्न राजनीतिक दलमा खटिएका नेता तथा कार्यकर्ताहरूले संघ र प्रदेशसभाको निर्वाचनमा प्रत्यक्ष र समानुपातिकको नाम सूचीमा उनीहरूको नाम सिफारिस नहुने स्थिति पैदा हुँदै गएको छ, टिकट पाउने वा समानुपातिकको बन्द सूचीमा नाम परेर निर्वाचित हुने त धेरै टाढाको कुरो हुन थालेको छ । हुन पनि आफ्नो बुद्धि र विवेकले देखेअनुसार चल्ने र आफ्नो ब्रह्मले देखेको कुरो बोल्ने, लेख्ने नेता तथा कार्यकर्ताभन्दा पनि यस्तै अह्रौटे, भरौटे, हनुमाने, लगाम लगाएको घोडासरह चढ्नेले जता झड्कारो त्यतै दौडने, चन्दादाता, आश्रयदाता, अन्नदाता, ठेकेदार, अनि मुठ्ठीभर प्रविद्धिका मान्छेहरूको विभिन्न राजनीतिक दलमा हाली मुहाली भएकैले गर्दा संसदीय, प्रदेशसभा र स्थानीय निर्वाचनमा मात्रै होइन, आआफ्नो राजनीतिक दलभित्रको विभिन्न निकायको निर्वाचनमा समेत पैसो नहुने, इमानदार र लामो समयदेखि आआफ्नो दलभित्र खटिएका नेता तथा कार्यकर्ताहरूले प्रत्यक्ष निर्वाचन र समानुपातिकको सूचीमा नामै सिफारिस नहुने स्थिति पैदा हुँदै गएको छ ।

हो, आफ्नो बुद्धि र विवेकले देखेअनुसार चल्ने र आफ्नो ब्रह्मले देखेको कुरो बोल्ने, लेख्ने नेता तथा कार्यकर्ताभन्दा पनि अह्रौटे, भरौटे, हनुमाने, लगाम लगाएको घोडासरह चढ्नेले जता झड्कारो त्यतै दौडने, चन्दादाता, आश्रयदाता, अन्नदाता, ठेकेदार, अनि मुठ्ठीभर प्रवृत्तिका मान्छेहरूको विभिन्न राजनीतिक दलमा हालीमुहाली भएकैले र, विभिन्न राजनीतिक दलमा यस्तै मान्छेहरूको भिड बढ्दै गएकोले गर्दा नै सरकारमा रहेका मान्छेहरू अनि राज्य पक्षका अनुदारवादी रुझान राख्ने मान्छेहरूले नेपालका आदिवासी जनजाति, महिला, उत्पीडित वर्ग/समूह, दलित, मधेसी, मुस्लिम, धार्मिक अल्पसंख्यक, तेस्रो लिंगी आदिका विरुद्ध जताभावी गर्ने गरेका छन् ।

जस्तो कि, दुई वर्षअघि तत्कालीन ओली सरकारका अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष ०७८/७९ को वार्षिक बजेट पेसगर्ने क्रममा नेपालको पूर्वी क्षेत्र (हालसम्म नाम नजुरेको एक नम्बर प्रदेश) मा पर्ने ताप्लेजुङ जिल्लाको सुकेटार विमानस्थको नाम फेरेर (जो लिम्बु भाषामा रहेको 'सुः रित तेल्लोक'बाट अपभ्रंश हुँदै 'सुकेटार' भएको हो । स्रोतः राम मादेनको फेसबुक) सो विमानस्थलको नाम 'रवीन्द्र अधिकारी' र तेह्रथुम जिल्लाको पूर्व-दक्षिण क्षेत्रको आठराई ! क्षेत्रको चुहानडाँडाँमा बन्ने भनिएको विमानस्थललको नाम 'आङछिरिङ शेर्पा' राख्ने निर्णय गरेका थिए ।

आदिवासी जनजाति भन्नेहरूको पाइन देखेरै ! राज्य चलाउने मान्छेहरूले त्यस्तो आँट गर्ने गर्छन् । जबकि त्यस अघिदेखि नै आदि अनादि कालदेखिका त्यही क्षेत्रमा उत्पत्ति भएका वा परापूर्व कालदेखि बस्दै आएका लिम्बु जातिका ईष्ट-देवी र धार्मिक आस्थाकी धरोहर मुक्कुमलुङ (युमा/माङ) लाई जहिले, जसरी, जुन उदेश्यले हिन्दूकरण गरेर 'पाथीभरा देवी' भनेर नामाकरण गरेको भए तापनि अब पुनः लिम्बु भाषामा रहेको मुक्कुमलुङ (युमा/माङ) नामलाई नै पुनः स्थापित गर्नुपर्छ, नयाँ नाम राख्नुपर्छ भनेर सो क्षेत्रमा परापूर्व कालदेखि बस्दै आएका लिम्बु जातिहरूका थरगत संस्था (सयङ) हरू मिलेर ०७६/७७ असारदेखि संगठित रूपमै विभिन्न चरणमा विभिन्न खालका संघर्ष र आन्दोलन गर्दै आएका छन् । तापनि सरकारले लिम्बु जातिको सो माग सम्बोधन गर्न चाहेका छैनन् । अर्थात् पुनः लिम्बु भाषामा 'मुक्कुमलुङ (युमा/माङ) नाम' लाई नै स्थापित गर्नुपर्ने भन्ने मागलाई किनारा लगाउन चाहेका छैनन् ।

त्यसो हुनुमा हाम्रा भनिएका मान्छेहरू (विभिन्न राजनीतिक दलमा रहेका आदिवासी जनजाति मूलका नेताहरू) जस्तै त्यस्ता मान्छेहरूको नामै लिनुपर्दा लिम्बु जातिकै सुवास नेम्बाङ नामक 'लिम्बु बाहुन !' सरकार पक्षीय एमालेका संसदीय दलका उपनेता नै छन् ।) तर, गाँठी कुरो के हो भने, सुवास नेम्बाङ नामक 'लिम्बु बाहुन !' मात्रै नभएर अन्य आदिवासी जनजाति मूलका नेताहरू पनि नेपालका ठूला भनिएका राजनीतिक दल र ती दलमा रहेका प्रभावशाली नेता भनिनेहरूका 'करिया', 'कमारो बुद्धि भएका' मालिकले अह्राए/खटाएको काम मात्रै खुरुखुरु गर्ने नोकर, 'झोलेपोके' र 'लगाम लगाएको घोडा' खालका मात्रै भएकोले गर्दा नेपालको सम्पूर्ण जनसंख्याको लगभग ३८/४० प्रतिशत जनसंख्या भए तापनि (आधिकारिक रूपमा केतविले गरेको जनगणनामा लगभग ३७ प्रतिशत) नेपालका आदिवासी जनजातिहरूले हालसम्म कागजमा बाहेक काम र व्यवहारमा केही प्राप्त गर्न सकेको देखिँदैन । देशमा धर्म निरपेक्षता लागू भएको १४/१५ वर्ष (अन्तरिम संविधान-२०६३ जार भएको मितिदेखि हालसम्म ।) भइसक्दा पनि उल्टै अझै पनि हिन्दूहरूको 'माता-लक्ष्मी गाई !' र 'पिता गोरु !' काटेको/मारेको आरोपमा १०/१२, १५/२०, २५/३०, ४०/४५ हजारदेखि ५०/६० हजारसम्म नगद जरिवाना र दुई/तीन वर्षसम्म जेल (फैसला गर्ने न्यायाधीश-श्रीमानको तजबिजमा भरपर्ने गरेको छ) परिरहेकै छन् ।

हुन त एकभाषाले अर्को भाषालाई अतिक्रमित गर्ने क्रम विश्वमा तीव्ररूपले चलिरहेको छ । स्थान नामहरूका सम्बन्धमा पनि यो कुरा लागू भएको पाइन्छ । नेपालमा राज्य र राज्य पक्षका मान्छेहरूले केबल मुक्कुमलुङ (युमा/माङ) को नाम फेरेर पाथीभरा देवी बनाउने कुरोमा मात्रै सीमित रहेको छैन, नेपालका अधिकांश स्थानहरूको स्थानीय नामहरू पनि खस/नेपाल भाषा र अन्य बाह्य भाषाका नामहरूले द्रुत गतिमा अतिक्रमण गरेको देखिन्छ । यसरी आदि अनादि कालदेखि रहेका स्थानीय गाउँ, ठाउँ र स्थान नामहरू अतिक्रमित हुने क्रममा विषेशतः हिन्दू देवी-देउताका नाम, खस-नेपाली भाषा, अंग्रेजी भाषा र प्रसिद्ध व्यक्ति तथा व्यक्तित्वहरूको नामलगायत अन्य विदेशी भाषाले तीव्र गतिमा अतिक्रमण गरी रहेको देखिन्छ । कतिपय स्थानीय स्थान नामहरू भने, आफ्नो मौलिक नामबाट, ऐकार, ऊकार, एकार, एकार आदि मात्रै पनि बिगारेर/बिग्रिएर पनि अपभ्रंशित हुँदै गइरहेको अवस्था पनि देखिन्छ ।

पूर्वको मेची अञ्चलको इलाम जिल्लामा रहेको सन्दकफुलाई नै लिऊँ । 'सन्दकफु'लाई हाल सन्दकपुर बनाइएको छ । उता अन्तुडाँडाको नाम पूरै परिवर्तन गरेर 'दीपेन्द्र' (तत्कालीन युवराज दीपेन्द्रको नाममा) शिखर बनाइएको छ । तर, आजभोलि अन्तुडाँडाको नयाँ नाम दीपेन्द्र शिखरभन्दा पनि अन्तुडाँडा भनेरै चिनिन थालेको छ । निश्चय नै यसले सकारात्मक सन्देश प्रवाह गरेको छ । हुन त यी नामहरू लाप्चा आदिवासी जातिको मातृभाषामा रहेको (कसैकसैले मगर भाषामा रहेको नाम हो भने तापनि पाँचथर र इलाम, खासगरी इलाममा परापूर्वकालदेखि बस्दै आएको जाति भनेको लाप्चा जाति भएकोले लाप्चा जातिको भाषामा नै रहेको नामहरू हुन्, ती) स्थानीय स्थान नामहरू हुन् ।

त्यस्तै तेह्रथुम जिल्लाको सदरमुकाम 'मेयङ लुङ' हाल अपभ्रंषित भएर 'म्याङलुङ' भएको छ । यतिसम्म कि तेह्रथुम जिल्लाको सदरमुकाममा केही वर्षअघि स्थापना गरिएको 'मेयङ लुङ' (बिरालोको प्रतिमा) मा लेखिएको/कुँदिएको 'मेयङ लुङ' अक्षरबाहेक तेह्रथुम जिल्लाभरिको होर्डिङ बोर्डहरूमा 'म्याङलुङै' 'म्याङलुङ' मात्रै लेखेको देखिन्छ । साथै तेह्रथुम जिल्लाकै 'हात्तिलेङ (पूरै खोलालाई हिंवा खोला भनिन्छ), झरनाको पनि नाम अपभ्रंषित भएर 'ह्यात्रुङ' भएको छ । तेह्रथुमकै 'सुम्दोवा' गाउँ हाल 'सम्दु' र 'सङबो' गाउँ 'संगपु' भएको छ ।

स्मरणयीय कुरो के छ भने, भोजपुर जिल्लाको 'कुलुङ' गाउँको नाम भने जस्ताको तस्तै हालसम्म पनि 'कुलुङ' नै कायम रहन सफल भएको छ । स्मणीय छ, कुलुङ जाति नेपालका प्राचीन जातिहरूमध्येका किराती आदिवासी हुन् । यता सोलुखुम्बुको 'फुसतेल' र सत्तो-सोत्तो गाउँहरू भने, क्रमशः सोताङ र शिबटार/कृष्णटार भएको छ । खोज्दै जाँदा नेपालभरि नै स्थानीय नामहरू, खास गरी आदिवासी जनजातिका मातृभाषामा राखिएका/रहिआएका स्थानीय नामहरू नेपालीकरण-खसकरण र विदेशी विशेषतः अंग्रेजी भाषाको अतिक्रमणमा परेका छन् । यसरी आदिवासी जनजातका भाषामा रहेका तर, अरू भाषाबाट अतिक्रमित भएका स्थान नामहरू धेरै रहे तापनि, पोखरा नजिकको 'ह्याङजा' अहिले हेम्जा भएको छ भने पोखराकै 'पाताले छाँगो' हाल 'डेबि'ज फल्स' भएको छ । भनिन्छ, डेबी नामक स्विस तरुनी (विदेशी महिला) उक्त छाँगाँबाट खसेर बेपत्ता भएपछि/मरेपछि ! 'पाताले छाँगो' 'डेबि'ज फल्स' भएकी हुन् !

# रेबिजले वर्षमा ५२ हजार मानिसको लिन्छ ज्यान


सन्दर्भ : १६औँ विश्व रेविज दिवस

■ शुकदेव थपलिया

रेबिज रोग विषाणुको कारणले लाग्ने एक प्राणघातक जुनोटिक रोग हो। यो रोग लागिसकेपछि यसको कुनै उपचार हुँदैन। बिरामीको मृत्यु निश्चित छ। सन् १८२२ मा फ्रान्समा जन्मिएका लुईस पास्चरले सन् १८५५ मा रेबिज रोगबारे विभिन्न तथ्यहरू पत्ता लगाएका थिए। उनले त्यतिबेला पत्ता लगाएको रोगको हालसम्म पनि कुनै उपचार छैन। रेबिज रोग प्राणघातक रहेको भन्ने कुरा पत्ता लगाएर सन् १८९५ मा लुइस पास्चर यस संसारबाट बिदा भए। पछि उनको सम्झनामा यो डरलाग्दो रोगलाई केही हदसम्म भए पनि न्यूनीकरण गर्ने उद्देश्य राख्दै विश्वमा हरेक सेप्टेम्बर २८ मा विश्व रेबिज दिवस मनाइँदै आएको छ। नेपालको सन्दर्भमा पनि हरेक वर्ष विभिन्न कार्यक्रम गर्दै मनाइँदै आएको छ। हालैको सर्वेक्षणअनुसार रेबिज रोगबाट हरेक वर्ष विश्वमा ५२ हजार मानिसले ज्यान गुमाइरहेका छन्। हरेक १० मिनेटमा एक जनाले ज्यान गुमाइरहेका छन्। हरेक वर्ष नेपालमा यसको तथ्यांक घट्दो क्रममा छ। १ सय ५० देखि दुई सयसम्म प्रत्येक वर्ष नेपालमा यो रोगको संक्रमणबाट नेपालीले ज्यान गुमाइरहेका छन्। विशेषगरी मानिस र पशुमा यो रोग लाग्छ। यो जुनोटिक रोग भएकैले मुख्य पशु र मानिससँग सम्बन्धित रहेको छ। कुकुरको मानसिक सन्तुलन ठिक नभएपछि (बहुलाएपछि) मानिसलाई टोक्ने गर्दछ। यो रोगको संक्रमणपछि मानिसको मृत्यु निश्चित छ। यो रोग विशेषगरी एसिया र अफ्रिकी देशहरूमा बढी देखापर्दै आइरहेको छ। जापान, अस्ट्रेलिया, सिंगापुरजस्ता देश रेबिज फ्री मानिन्छ। विकसित देश र अविकसित देशको तुलनामा पनि यो रोगको मात्रामा थपघट पाइएको छ।

कुकुरलाई घरको पहरेदार मान्दै नेपाली समाजमा ज्यादा नै पाल्ने गरिँदै आएको छ। समुदायमा रहेका भुसिया कुकुर र घरमा पालिने कुकुरमा धेरै भिन्नता भए पनि कुकुरको मानसिक सन्तुलनमा भने जुनै कुकुरलाई जुनै समयमा पनि यो रोग देखा पर्नसक्छ। आजको एक्काइसौँ शताब्दीमा आएर पनि मानिसमा चेतनाकै कमीका कारण कुकुरले टोकेपछि झारफुकमा विश्वास गर्ने नेपाली समाजको यथार्थलाई सर्वप्रथम उन्मुलन गर्नु जरुरी छ। आज हरेक दिन सहरी र ग्रामीण इलाकाबाट दिनमा सयौँ बिरामी कुकुरको टोकाइले अस्पताल आउने गर्छन्। हरेक वर्ष तीन हजारभन्दा माथिको संख्यामा अस्पतालमा सुई लगाउन मात्रै आउने तथ्यांक छ। कुकुरले टोक्ने बित्तिकै रेबिज लाग्यो भन्नु पनि यसभित्रको भ्रम हो भने बहुलाएको कुकुरले टोकेको घाउमा कुकुरको र्‍यालबाट देखिने विषाणुहरूले घाउमा संक्रमण सुरु गरेपछि मानिस र पशुमा विभिन्न लक्षणहरू देखापर्न थाल्दछ अनि रेबिज रोग लाग्छ। रेबिज रोग लाग्ने माध्यम विशेष कुकुर भए पनि मुसो, चमेरोबाट पनि यो रोग संक्रमण हुँदै आएको पाइन्छ। रेबिज लागेको मानिसमा ज्वरो अचानक बढ्ने, आवाजमा हठात परिवर्तन हुने, मुखबाट र्‍याल बग्न थाल्नु, आँखाहरू रातो हुनु, पानी देखेर डराउने, आफूभन्दा अलग किसिमका बस्तुहरूलाई टोक्ने झम्टने यसको मुख्य लक्षणहरू हुन्। यस्ता लक्षणहरू देखापरेको केही क्षणमा नै मानिस या संक्रमित पशुको मृत्यु हुन्छ। यो रोग लागेपछि मस्तिष्कलाई धेरै नै प्रभावित बनाउने काम गर्दछ। रेबिज लागेपछि तुरुन्तै उपचार सम्भव भए पनि दीर्घकालीन उपचार भने हालसम्म छैन।

यदि कुकुर बहुलाएको छ र त्यो कुकुरले मान्छेलाई टोक्यो भने कुकुर १० देखि १४ दिनभित्रै मर्छ। साधारणतया कुकुर एकोहोरो हुने, टाङमुनि पुच्छर लुकाउनेजस्ता क्रियाकलापले पनि कुकुर बहुलाएकै हो भन्ने थाहा पाउन सकिन्छ। कुकुरले टोकेकै दिनदेखि भ्याक्सिन लगाउन सकिन्छ। टोकेको दिनलाई शून्य मानी तीन, सात, १४, २८ र ९० दिनसम्म पनि भ्याक्सिन लगाउन सकिन्छ। कुकुरमा उक्त भाइरस जंगली जनावरमार्फत सर्ने भएकाले र जंगली संक्रमित पशुमा हुने भएकोले एकअर्कामा सर्ने र अन्त्यमा मानिससम्म आइपुग्ने गर्दछ।

कुकुर पाल्दै नपाल्नु भन्ने होइन। शोखसँगै सामाजिक मर्यादालाई पनि ख्याल गर्नु आवश्यक छ। राजधानी काठमाडौंमा मात्रै होइन हरेक नगरपालिकाहरूमा छाडा छोडिएका भुसिया कुकुरहरूको आतंक छ। नेपालको सन्दर्भमा रेबिज लाग्नै नदिने उपाय भनेको कुकुरहरूलाई बन्ध्याकरण गरी कुकुरको संख्यामा कमी ल्याउँदै नियन्त्रण गर्नु नै महत्वपूर्ण उपाय हो। कानुनले कुकुरलाई मार्ने मान्यता नदिए पनि बन्ध्याकरणले संख्यामा नियन्त्रण गर्न सकिन्छ। कुकुरले टोकेपछि शरीरको ठाउँ अनुसार संक्रमण गर्ने समय हुन्छ। विकसित देशहरूमा हाल आएर हावाको मध्यमबाट पनि यो भाइरस सर्ने गरेको पाइएको छ। यो वर्ष पनि 'एक स्वास्थ्यको अवलम्बन रेबिजबाट शून्य निधन' भन्ने मूल नारा राखी विश्व रेविज दिवस असोज ६ देखि १२ सम्म सप्ताहव्यापी रूपमा मनाइँदै छ। रेबिज दिवसले सिकाउनुपर्ने पाठ दिवसका दिनहरू बाहेकमा पनि प्रवाह गर्न सकेको खण्डमा यस्ता दिवस मनाउनुको सार्थकता रहन्छ भन्ने कुरा सम्बन्धित हामी सबैले बुझ्नु जरुरी छ। तब मात्रै नाराले सार्थकता पाउनेछन्। २०३० सम्म रेबिजमा पूर्णविराम नै लगाउने हो भने तपाईं हाम्रो अभियानलाई हामीले बेलैमा ध्यान दिऔँ र सबैलाई बेलैमा सचेत बनौँ र बनाऔँ।

**रेबिज बारे यी कुरा जानी राखौँ :**

रोगको कारक तत्व : रेबिज रोगको मुख्य कारक तत्व भनेको रेब्डो परिवार भित्रको लाइसा प्रजातिको एउटा विषाणुको कारणले लाग्ने गर्दछ। पाँच थरिका प्रोटिन र लिपोप्रोटिनयुक्त यो विषाणुलाई घाम, साबुन/डिटरजेन्ट र आयोडिनले नष्ट गर्छ।

**रोग सर्ने तरिका :**

यो रोग विशेषगरी बौलाएको पशुले टोकेपछि पशुको र्‍यालमा भएको विषाणुको संक्रमणबाट सर्ने गर्दछ। कुकुर, ब्वाँसो, स्याल, न्याउरीमुसा, चमेरो आदि यो रोगको प्रमुख स्रोत र संवाहक हुन्। अस्ट्रेलिया तथा दक्षिण अमेरिकी देशहरूमा चमेरोको टोकाइबाट पनि यो रोग सर्ने गरेको पाइन्छ। यस रोगको विषाणुले स्नायु प्रणालीका कोष र खासगरी स्नायु तथा मष्तिष्कमा असर गर्दछ। त्यस्ता रोग लागेका जनावरले टोकिसकेपछि विषाणुहरू स्नायु प्रणालीको माध्यमबाट गिदीमा पुग्दछ र त्यहाँ तिनीहरूको संख्यामा तीव्र वृद्धि हुन्छ। त्यसपछि त्यस्ता विषाणुहरू स्नायु प्रणालीको कोषको माध्ययमबाट शरीरको विभिन्न भाग हुँदै फैलन्छ र पछि र्‍यालमा देखा पर्दछ। रेबिज रोग लागेर लक्षण देखाएको दिनदेखि १० देखि १४ दिनभित्र उक्त जनावरको मृत्यु हुन्छ। यो रोग लाग्नमा विषाणुको मात्रा, घाउको गहिराई र टोकेको अंगमा भर पर्छ। टाउको नजिक वा गहिरो घाउ भएमा रोगको लक्षण छिटो देखापर्छ। शरीरको अरू कुनै भागमा टोकेको खण्डमा दुई हप्तादेखि १ वर्षसम्म रोगको लक्षण देखापर्न सक्छ। कुनै बहुला कुकुरले कसैको घाँटीभन्दा माथिको भागमा टोकेको छ भने एक हप्तादेखि चार हप्ताभित्रमा रेबिज रोगको लक्षण देखिने हुन्छ। यस्तै शरीरको अन्य भागमा टोकेको खण्डमा एक महिनादेखि एक वर्ष भित्रमा रोगका लक्षण देखिन सक्छ। कुनै अपवादहरूमा दुई वर्षको अवधिमा समेत यस्तो देखिँदै आएको छ। तर, पाकेको दूध र मासुबाट यो रोग सर्दैन।

**रोगको लक्षण :**

रेबिज लागेपछि प्रायः सबै जनावरहरूमा एकै थरीका लक्षणहरू देखापर्छ। तर कुकुर, भैंसी, गोरु, गाई, चमेरो र मानिसहरूमा यसको लक्षण केही फरक हुन्छ। कुकुर र अन्य जनावरलाई पानीबाट केही थाहा हुन्न भने मानिसलाई मात्र यो रोग लागिसकेपछि पानीबाट डराउने समस्या देखापर्छ। बिरालोको नङ्ग्रा फिजारिएको देखिएमा पनि यो रोगको लक्षण हो भन्ने शंका गर्न सकिन्छ। जस्तै कुकुरमा उत्तेजक व्यवहार देखिन्छ। यसबेलामा कुकुर अत्यधिक आक्रामक हुने, आफ्ना वरपरका बस्तुहरू टोक्ने, जोडले चपाएको जस्तो देखिने, एकैनासले भुकिरहने, स्वरमा एकाएक परिवर्तन हुने, पुच्छर खुट्टामुनि लुकाएर हिँड्ने, जिब्रो बाहिर निकालेर र्‍याल बगाइरहने, च्यापुमा प्यारालाइसिस हुने र एकोहोरो स्वभावमा जे भेट्यो तेही टोक्दै हिँड्ने। लाटो अवस्थामा भने कुकुर लाटो हुने, आवाज नै निकाल्न नसक्ने, एउटा कुनो वा शान्त ठाउँमा बस्ने, खान छोड्छ, र्‍यालहरू मुखबाट तारन्तार बगाइरहने हुन्छ। यदि यस्ता लक्षण देखाएको कुकुर छ भने लक्षण देखिएको ४ देखि ५ दिनको बिचमा मर्छ। गाईभैंसी र अन्य जनावरहरूमा यो रोग लागिसकेपछि बिस्तारै घाँस, दाना, पानी खान बन्द हुने, छटपटाउने, विनाकारण हिँडिरहने, कराउने, उफ्रने, आँखा ठुल्ठूला पारी कान ठाडो पारेर हेर्ने र सिङले हिर्काउन खोज्ने जस्ता लक्षणहरू देखिन्छ। विस्तारै घाँटीको आवाज निस्कने भाग पक्षपात भई आवाज पनि भिन्न निस्कने, भुइँमै लड्ने, मुखबाट प्रशस्त मात्रामा र्‍याल निस्कने, पक्षघात हुने जस्तो देखिन्छ। मानिसमा रेबिज रोगका प्रमुख लक्षणहरूमा सुरुमा सुस्त हुने, ज्वरो आउने, टाउको दुख्ने, रिंगटा लाग्ने, पानी निल्न गाह्रो पर्दछ। पानी, हावा र उज्यालोबाट तर्सने, छिन छिनमा मुर्छित हुने, र्‍याल आउने, खाना निल्न नसक्ने पक्षघात हुने र अन्तमा रोग लागेको ४ देखि १० दिनभित्र सास फेर्न बन्द भई बिरामीको मृत्यु हुन्छ। रेबिज नै हो भन्ने कसरी थाहा पाउने ? : यो रोग लागेको पशुमा रोग निदान गर्दा लक्षणले मात्रै पनि अपुग हुन्छ। त्यसैले यकिन गर्नको लागि प्रयोगशाला परीक्षण गर्नुपर्ने हुन्छ। जस्तै र्‍यापिड टेस्ट, फ्लोरेसेन्ट एन्टीबडी टेस्ट, माउस इनोकुलेसन टेस्टबाट यो रोग निदान गर्न सकिन्छ।

**उपचार**

यो रोग लागेकै हो भने मृत्यु हुने निश्चित छ। शंकास्पद जनावरले टोक्नासाथ टोकेको घाउमा उपचार, खोप र आवश्यकताअनुसार भ्याक्सिनको प्रयोग गर्नुपर्छ। जस्तै बहुला कुकुरले वा शंकास्पद जनावरले टोकेको स्थानमा तुरुन्तै साबुन पानीले १५ मिनेटसम्म राम्रोसँग धुनुपर्छ र त्यसपछि टिन्चर आयोडिन, पोभिडिन वा अन्य कुनै एन्टिसेप्टिक औषधि लगाउनुपर्छ। टिटानसको सुई पनि लगाउनुपर्छ। आफूलाई टोकेको कुकुरको पहिचान गर्नुस् र निगरानीमा राख्नुस्।

**खोप लगाउने विधि**

यो रोग लागेको जनावरले टोकेको, लसपस मात्र भएको शंकास्पद अवस्थामा पहिलो दिन, तेस्रो दिन, सातौँ दिन एक/एक मात्राको दरले दुवै पाखुराको मासुमा रेबिज खोप दिनुपर्छ। जनावरमा खोप दिँदा ठुलो जनावरमा एक भाएल घाँटीको मासुमा र एक भाएल पुट्ठाको मासुमा दिनुपर्छ भने सानो जनावरमा एक भाएल मात्र दिए पुग्छ। रोकथामको लागि कुकुरहरूमा खोप लगाउँदा तीन महिना उमेर पूरा भएपछि पहिलो मात्रा, चार महिनाको उमेरमा दोस्रो मात्रा र त्यसपछि वर्षैपिच्छे दोहोर्‍याउनुपर्छ। पशुको लागि प्रयोग हुने खोपको पोटेन्सी एक आई.यु. प्रतिडोज र मानवका लागि प्रयोग हुने खोपको पोटेन्सी २ दशमलव ५ आई.यु प्रतिडोज लगाउनुपर्छ।

यदि यो रोग लागेको पशुले स्वस्थ मानिसको टाउको वा माथिल्लो भागमा रगत आउने गरी टोकेको हो भने खोपसँगै हाइपरइम्युनि सिरम पनि लगाउनु पर्ने आवश्यक हुन्छ। यदि यो रोगको रोकथाम र नियन्त्रण गर्ने हो भने सम्पूर्ण कुकुहरूमा सर्वप्रथम नियमित रूपले खोप लगाउन अति आवश्यक छ। घरपालुवा तथा सामुदायिक कुकुर हरूलाई नगरपालिका, गाउँपालिका र वडाहरूबाट खोप लगाउने व्यवस्था अनिवार्य गर्नुपर्छ साथै कुकुर हरूको संख्या कम गर्न बन्ध्याकरणक (शल्यक्रिया) गरी प्रजनन् गर्न नसक्ने बनाउनुपर्छ। सबैले यो रोगको महत्व बारेमा सूचित गर्न रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाको माध्यमबाट जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ, यसबारे जानेका कुरा एकअर्कामा जानकारी गराउन सकियो भने पनि केही मात्रामा बिस्तारै यो रोगको रोकथाम र नियन्त्रण हुँदै जान्छ।

**खोप प्रयोग गर्ने तालिका :**

**कुकुर बिरालोमा खोप प्रयोग गर्ने तालिका**

-पहिलो मात्रा : तीन महिना
-दोस्रो मात्रा : चार महिना
-बुस्टर : प्रत्येक वर्ष,

तीन महिनाभन्दा कम उमेरका कुकुर बिरालोमा यो खोप प्रयोग गर्नु हुँदैन। पूर्ण स्वस्थ जनावरमा मात्रै यो खोप प्रयोग गर्नुपर्ने हुन्छ। साथै खोप लगाउनुअघि र लक्षण देखिएको खण्डमा तुरुन्तै चिकित्सककोमा जानुपर्छ। साथै प्रभावकारी खोप कार्यक्रम, सामुदायिक (भुस्याहा) कुकुरको नियन्त्रण तथा जनचेतनाका महत्वपूर्ण उपायहरू नै यसको नियन्त्रणको मुख्य उपायहरू हुन्।


BELBARI MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
BELBARI, MORANG
1 NO PROVINCE, NEPAL

**Invitation for e-Bid**

(FIRST PUBLISHED DATE: 2022-09-29)

1. The Belbari Municipality, Morang invites National Competitive Bidding from registered Nepalese eligible Bidders for following.
   Eligible Nepalese eligible Bidders may obtain further information and inspect the National Competitive Bidding Forms at the PPMO website www.bolpatra.gov.np.
2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the National Competitive Bidding without assigning any reason, whatsoever

| SN | Contact No | Description | Bid Document Fee | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | BM/MOR/W/NCB/ 01-2079-80 | Sajha Marga Black Top Road Construction | Rs. 3,000/- | Rs.1,69,000/- | NCB |
| 2 | BM/MOR/W/NCB/ 02-2079-80 | Dhaiti Pul bata Shanti tol jane Bato Black Top Road Construction | Rs. 3,000/- | Rs.1,51,000/- | NCB |
| 3 | BM/MOR/W/NCB/ 03-2079-80 | Gadi Gau dekhi Basbari jane Black Top Road Construction | Rs. 3,000/- | Rs.1,51,000/- | NCB |

Chief Administrative Officer



**Invitation for Bids**

Government of Nepal (GoN)
**Gadhimai Municipality**

**Invitation for Bids No: RAU/GADHI/MUN/01/GON/WORKS/079/80**

**Date of publication: 2022 September 29th**

1. *Gadhimai Municipality* invites electronic bids from eligible bidders for the construction of ***Hermetic Godown for Grain Storage (Silo) at Rautahat*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years ***NRs* 103,000,000/-**
   Minimum Work experience of similar size and nature: ***NRs* 54,900,000/-**
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gadhimai Municipality, Samanpur, Madesh Pradesh, Rautahat, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the office of Gadhimai Municipality, Samanpur, Madesh Pradesh, Rautahat, Province Two, Nepal by eligible Bidders on the submission of a written application, along with the *copy of company/firm registration certificate*, and upon payment of a non-refundable fee of ***5000 Nrs* till *2022 November 9 during office hours*.**
   Or
   Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Bank of Kathmandu Ltd
   Name of Office : Gadhimai Municipality, Rautahat
   Office Account no.: 017900000156524
5. Electronic bids must be submitted to the office **Gadhimai Municipality, Rautahat** by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12 Noon*** on 2022 November 11 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***11/11/2022*** at 12 noon at the office of ***Gadhimai Municipality, Samanpur, Rautahat.*** Bids must be valid for a period of 30 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of ***NRs* 2,057,780.00** , which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



ज्योति लाइफ इन्स्योरेन्स कम्पनीका संचालक जयन्तकुमार अग्रवाल राउण्ड टेबल इन्टरनेशनलको अध्यक्ष पदमा निर्वाचित भएका छन् । उक्त पदमा निर्वाचित हुने उनी पहिलो नेपाली हुन्

नेपालको भुक्तानी सेवा प्रदायक कम्पनी ई-सेवाको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा जगदिश खड्का नियुक्त भएका छन । चाटर्ड एकाउन्टेन्ट खड्कालाई इ-सेवाको सञ्चालनक समितिले सिइओका रूपमा नियुक्त गरेको हो



# तीस कम्पनीको सेयर कारोबार रोक्का

■ सौर्य समाचार

काठमाडौं । नेपाल स्टक एक्सचेन्जले मर्ज र प्राप्ति प्रक्रियामा जान समझदारी गरेका ३० कम्पनीको सेयर कारोबार रोक्का गरेको छ । नेप्सेले ८ वाणिज्य बैंक, ७ लघुवित्त र १५ बिमा कम्पनीका कारोबार रोक्का गरेको नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले बताएका छन् ।

मर्जरमा जान लागेका बैंक तथा वित्तीय संस्था, बिमाका साथै जलविद्युत कम्पनीले पत्राचार गरेपछि नेप्सेले सेयर कारोबार रोक्का गर्ने गर्छ ।

विकास साझेदार विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले वाणिज्य बैंकको संख्या धेरै भएको सुझाव नेपाल राष्ट्र बैंकलाई दिएको छ । सोही कारण वित्तीय संस्थाको संख्या घटाउने पक्षमा केन्द्रीय बैंक रहेको छ ।

सोही कराण नबिल बैंकले नेपाल बंगलादेश (एनबी) बैंकलाई प्राप्ति गरी गत साउन १ बाट एकीकृत कारोबारसमेत सुरु गरिसकेको छ । एभरेस्ट इन्स्योरेन्स र हिमालयन इन्स्योरेन्सले हिमालयन एभरेस्ट इन्स्योरेन्स लिमिटेडका नामबाट एकीकृत कारोबार सुरु गरेका छन । राष्ट्र बैंकले तोकेको अवधिभित्र मर्जमा गए अहिले घोषणा गरिएको सुविधा सबै पाउने व्यवस्था मौद्रिक नीतिले गरेको छ । प्रभु बैंकले सेन्चुरी कमर्सियल बैंकलाई एक्वायर गर्दैछ । हिमालयन बैंकले एक्वायर गर्न लागेको सिभिल बैंकको सेयर कारोबार रोक्का भैसेको छ । त्यसैगरी बैंक अफ काठमाडौं, नेपाल इनभेस्टमेन्ट बैंक, कुमारी बैंक, नेपाल क्रेडिट एन्ड कमर्स (एनसिसी) बैंक, ग्लोबल आइएमई बैंक र मेगा बैंकको कारोबार रोक्का गरिएको छ ।

बिमा समितिले बिमा कम्पनीलाई पुँजी वृद्धि गर्न भनेको छ । पुँजी वृद्धि गर्न नसक्ने कम्पनीलाई भने समितिले मर्जमा जान भनेको छ । हाल १५ कम्पनीलाई बिमा समितिले मर्जमा जान सौद्धान्तिक



अनुमति दिइसकेको छ ।

यसैगरी लघुवित्त कम्पनीमा साना किसान विकास लघुवित्त, आरएमडिसी, घोडाघोडी, नाडेप, समाज, सिवाइसी नेपाल र आँधिखोला लघुवित्त संस्था रहेका छन । साना किसान विकास लघुवित्त, आरएमडिसी र घोडाघोडी लघुवित्त युनिक लघुवित्तसँग मर्ज हुन लागेका हुन् । बिमा समितिले हकप्रद रोकेर मर्जरबाटै पुँजी बढाउन दबाब दिएपछि बिमा कम्पनीहरू पनि मर्जर तर्फ जान तयारीमा लागेका छन । सोही कारण १७ बिमा कम्पनीले मर्जमा जाने सम्झौता गरेका छन् ।

बिमा समितिले २०७८ चैत १० मा जीवन तथा निर्जीवन बीमा कम्पनीलाई पुँजी बढाउन निर्देशन दिएको थियो । समितिको निर्देशनअनुसार २०७९ चैत मसान्तसम्ममा जीवन बिमा कम्पनीले न्युनतम ५ अर्ब रुपैयाँ र निर्जीवन बिमा कम्पनीले २ अर्ब ५० करोड रुपैयाँ चुक्ता पूँजी पुऱ्याउनुपर्ने छ । मर्जरमा जानेमा सम्झोता गर्ने तर्फ जीवन बिमा कम्पनी अन्तर्गत प्राइम लाइफ, गुराँस लाइफ र युनियन लाइफ इन्स्योरेन्स रहेका छन भने सूर्या लाइफ र ज्योति लाइफ इन्स्योरेन्सले मर्जरमा जाने सम्झौता गरेका छन ।

त्यसैगरी सानिमा लाइफ र रिलायन्स लाइफ इन्स्योरेन्सबीच पनि मर्जरमा जाने सम्झौता गरीसकेका छन । निर्जीवन बिमातर्फ अजोड इन्स्योरेन्स र प्रभु इन्स्योरेन्स मर्जमा जाने सम्झौता गरेका छन । मर्जमा जान सम्झौता गरेसँगै त्यस्ता कम्पनीको सेयर कारोवार रोक्का गर्ने पनि नेप्सले बताएको छ ।

## नेप्सेमा साढे ६ अंकको सुधार

काठमाडौं । साताको चौथो दिन नेप्से परिसुचक ६.४१ अंकले बढेर १ हजार ८ सय ३७ दशमलव ४६ अंकमा पुगेको छ । ४८ करोड ५४ लाख रुपैयाँको मात्र कारोबार भएको बजारमा १ सय कम्पनीको सेयर मूल्य बढेको छ भने ७४ कम्पनीको मूल्य घटेको छ । गत साता ७१.३९ र यो साता आइतबार २३.८३ अंकले घटेको बजारमा मंगलबार सुधार देखिएको थियो । मंगलबार १५.९२ अंकले बढेर बजार १ हजार ८ सय ३१ दशलमव शुन्य ५ बिन्दुमा पुगेको थियो । अहिलेको अवस्थाले बजारमा स्थायी सुधारको आधार भने देखिएको छैन। गत साता पनि बजारमा एक दिनमात्र वृद्धि देखिएको थियो । गत साता आइतबार ३३.९७ अंकले घटेको बजार मंगलबार ३८.८१ अंकले घटेको थियो । तीन महिनाअघिको न्यून बिन्दु १ हजार ८ सय ४८ बाट तल लागिरहेको बजारमा चाडबाडको अवस्थामा पनि अपेक्षाकृत वृद्धिको अवस्था देखिएको छैन । लगातार घट्दो ट्रेन्डमा रहेको बजारले सुधारको बाटो समात्न अझै पनि समय लाग्ने विश्लेषकहरूले बताएका छन् ।

# खाद्य कम्पनीद्वारा खसीबोका बिक्री सुरु



■ सौर्य समाचार

काठमाडौं । घटस्थापनाको तेश्रो दिनदेखि सरकारी स्वामित्व रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले खसीबोकाको बिक्री वितरण सुरु गरेको छ ।कम्पनीले यो वर्ष खस बोका र च्याङग्रा गरी २ हजार ५ सय वटा बिक्री गर्ने लक्ष्य राखेको बताएको छ । कम्पनीले खसी र बोकाको मूल्य प्रतिकेजी ६ सय ७० रुपैयाँ तोकेको छ भने च्याङग्राको मूल्य प्रतिकेजी १ हजार २५० रुपैयाँ निर्धारण गरिएको छ ।

बजारमा व्यवसायीहरुले आफु खुसी मुल्य लिने क्रमलाई नियन्त्रण गर्नको लागि खाद्य व्यवस्था कम्पनीले प्रत्येक बर्ष खसी बोका बिक्री गर्ने कार्यलाई विगत देखी नै निरन्तरता दिदै आएको छ । कम्पनीका प्रादेशिक प्रमुख ज्ञानु थापाले खसी, बोका बजार भन्दा सस्तोमा बिक्री वितरण भइरहेको जानकारी दिएका छन् ।

खसी, बोकाको अभाव हुन नदिने र उपभोक्ताको माग अनुसार थप खसी बोका आउने उनको भनाई छ ।

कम्पनीले प्रत्येक दिन विहान ७ बजेबाट अपराह्न ५ बजेसम्म खसी, बोका बिक्री वितरणको व्यवस्था मिलाएको छ । कम्पनीबाट बिक्री हुने सबै खसीबोकाको स्वास्थ जाँच गरिएको पनि खाद्यले जनाएको छ ।

नेपालमा वर्ष एक करोड २८ लाख १२ हजारको हाराहारीमा खसीबोका र बाख्रा उत्पादन हुने गरेको पशु सेवा विभागले जनाएको छ । जसमा ४५ लाख खसीबोका मासुका लागि योग्य हुने विभागका अधिकारीले यो भन्दा अघिनै आफनो धारणा सार्वजनिक गरिसकेका छन् ।

# कर्पोरेट

## मेगा बैंकबाट ७ लाख रुपैयाँ सहयोग



काठमाडौं । दुर्घटनामा परी असामयिक निधन भएका ग्राहकका परिवारलाई मेगा बैंक नेपाल लिमिटेडले बीमा बापतको रकम प्रदान गरेको छ । मेगा बैकमा 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट भि २०२०' खोलेका नेपाली सेनाका राम बहादुर गुरुङका परिवारलाई बैंकले सोही खातामा भएको योजना बमोजिम बिमा बापत ७ लाख रुपैयाँ हस्तान्तरण गरेको हो । विराटनगरमा एक कार्यक्रमका बीच रकम मृतककी पत्नी जुनु गुरुङलाई प्रदान गरिएको बैकले जनाएको छ । मृतक गुरुङले नेपाली सेनाको २१ नम्बर बाहिनी अड्डा चारआलीमा कार्यरत रहँदा मेगा बैंकको बिर्तामोड शाखामा 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट भि २०२०' खोलेका थिए । २०७८ सालमा सवारी दुर्घटनामा परी उनको निधन भएको थियो । मेगा बैंकले तलबी खातामा बिमा सुविधा प्रदान गर्दै आएको बैकको प्रदेश एकका प्रमुख विवेकबन्धु न्यौपानेले बताएका हुन् ।

न्यूनतम १ हजार रुपैयाँ मौज्दातमा खोल्न सकिने 'मेगा कर्पोरेट बेनीफिट सेभिङ अकाउन्ट भि २०२०' मा बैंकले हरेक खातावालाको ७ लाख रुपैँयाको दुर्घटना बिमा गरेको छ । ग्राहक र उनका परिवारलाई भइपरी आउने यस्ता घटनाबाट केही वित्तीय राहत मिलोस् भनेर बैंकले ग्राहकका लागि यो योजना ल्याएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## एभरेष्ट बैंकको बिर्तामोड शाखा स्थानान्तरित कार्यालयबाट सुचारु




काठमाडौं । एभरेष्ट बैंक लिमिटेड बिर्तामोड शाखाले झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. ५ शनिश्चरे रोडबाट हाल सेही स्थानबाट करिब १ किलेमिटर पूर्वको मायादेवी कम्प्लेक्सान शाखा स्थानान्तरण गरी सेवा सुरु गरेको छ ।

कार्यक्रममा बैंकका प्रदेश नं. १ का प्रादेशिक प्रबन्धक जनक चापागाँईले सो स्थानान्तरित शाखाबाट ग्राहकले सबै आधुनिक बैंकिङ सेवा तथा सुविधा उपभोग गर्न सक्ने पनि उल्लेख छ । पंजाब नेशनल बैंक भारत संग संयुक्त साझेदार रहेको यस बैंक स्थापना काल देखि नै ग्राहकको पहिलो रोजाइको बैंक भन्न सफल भएको पनि उल्लेख छ ।

हालसम्म करिब १२ लाख सन्तुष्ट ग्राहकहरु रहेका बैकले देशैभरी छरिएर रहेको १ सय १९ शाखा संजाल, ४ एक्सटेन्सन काउण्टर, प्रादेशिक कार्यालयहरु, १ सय ५५ एटिएम सहित विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल र इन्टरनेट र एसएमएस बैकिङ सुबिधा प्रदान गर्दै आइरहेको छ । बैंकले सरकारको राजस्व संकलनको लागि ३१ वटा संकलन केन्द्रबाट समेत सेवा दिँदै आइरहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

## ग्लोबल आइएमई बैंकलाई आईएफसीको ट्रेड फाइनान्स सुविधा




काठमाडौं । विश्व बैंक समूहको सदस्य आईएफसीले ग्रीन ग्लोबल ट्रेड फाइनान्स प्रोग्राम (जीटीएफपी) अन्तर्गत ग्लोबल आइएमई बैंक लिमिटेडलाई क्लाइमेट स्मार्ट ट्रेड फाइनान्स लाइन सुविधा विस्तार गरेको छ । यो आईएफसीको विश्वमै पहिलो ग्रीन ट्रेड फाइनान्स लाइन हो ।

बुधबार आयोजित एक कार्यक्रममा ग्लोबल बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र आईएफसीका दक्षिण एशिया क्षेत्रीय प्रबन्धक जुन योग पार्कले सम्झौतापत्रमा हस्ताक्षर गरको हुन् ।

कार्यक्रम नेपाल जस्तो विकासशील अर्थतन्त्रहरूमा अन्तर्राष्ट्रिय व्यापार प्रर्वधन तथा ट्रेड फाइनान्स लिमिट पूर्ती गर्ने उद्देश्यले ल्याइएको हो । यस परियोजनाले ग्लोबल आइएमई बैंकलाई बैंकको बढ्दो व्यापार व्यवसायमा माग र आपूर्तिबीचको अन्तरलाई सम्बोधन गर्न मद्दत गर्नेछ ।

कार्यक्रममा रहेको 'हरित' कम्पोनेन्ट बैंकको लागि जलवायु अनुकूल व्यापार व्यवसायको लागि बलियो आधार हो र यसले जलवायु परिवर्तनको असर लाई समेत सम्बोधन गर्ने बताइएको छ । यो कार्यक्रमले बैंक र यसका ग्राहकको लागि ट्रेड फाइनान्समा पहुँच सुधार गर्ने अपेक्षा गरिएको छ ।

यो कार्यक्रमले ग्लोबल ट्रेड फाइनान्स, अन्तर्राष्ट्रिय वित्तीय सम्बन्ध र अन्तर्राष्ट्रिय बजारमा व्यापार विस्तार गर्न सहजीकरण गर्नेछ । साथै, यसले द्विपक्षीय करेस्पोन्डेन्ट बैंकिङ्ग सम्बन्धलाई बलियो र सक्षम बनाउँदै स्थानीय र अन्तर्राष्ट्रिय बैंक तथा तिनीहरुका ग्राहकहरुबीच नयाँ सम्बन्धहरु विस्तार गर्न सहयोग गर्ने पनि विज्ञप्तिमा उल्लेख छ ।

## कार्तिकमा सिटिजन्स बैंकको साधारण सभा

Citizens Bank

काठमाडौं । सिटिजन्स बैंकको सोह्रौं वार्षिक साधारण सभा कार्त्तिकमा बस्ने भएको छ । आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनी सहितको एकीकृत वासलात र २०७९ असार मसान्त सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल हुने कार्यतालिका रहेको छ ।

सो लगायत सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ९ प्रतिशतका दरले हुन आउने नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने विषय पनि रहेका छन् । बैकको मुलुकभर फैलिएका १ सय ८० वटा शाखा, १ सय ३२ वटा ए.टि.एम. र ९६ वटा शाखा रहित बैंकिङ ईकाईबाट करिव १४ लाख ४६ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरु प्रदान गर्दै आएको पनि बैकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## कुमारीपाटीमा मञ्जुश्री फाईनान्सको शाखा



काठमाडौं । मञ्जुश्री फाईनान्स लिमिटेडले ललितपुरको ललितपुर महानगरपालिका वडा नं. ०५, कुमारीपाटीमा शाखा विस्तार गरेको छ । यो फाइनान्सको २७ औं शाखा हो । फाईनान्सका संस्थापक अध्यक्ष तथा नेपाल सरकारको पूर्व मुख्य सचिव एवं नेपालको तर्फबाट अमेरिकाको लागि राजदुत दामोदर प्रसाद गौतम तथा मञ्जुश्री फाईनान्स लिमिटेडको अध्यक्ष इन्दिरा पण्डित घिमिरेले संयुक्त रुपमा एक समारोहका बीच उक्त शाखा कार्यालयको उद्घाटन गरेका हुन् ।

चालु आर्थिक बर्षको भदौ मसान्त सम्म १ अर्ब ३५ करोड चुक्ता पुँजी एवं ५० करोड डिवेन्चर जारी गरेको राष्ट्रिय स्तरको यस फाईनान्सले ११ दशमलव ५२ अर्ब निक्षेप संकलन गरि १० दशमलब ८८ अर्ब कर्जा परिचालन गरेको छ । यसका साथै यस फाईनान्सले विप्रेशण, मोवाइल बैंकिङ, इन्टरनेट बैकिङ र एटिएम सेवा लगायत सरल कर्जा र निक्षेपमा आकर्षक ब्याजदरको सुविधा दिंदै आएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## बाग्लुङको गल्कोटमा लक्ष्मी बैंकको शाखा



काठमाडौं । लक्ष्मी बैंकले आफ्नो शाखा संजाल विस्तार गर्ने क्रममा १ सय ४३औँ शाखा बागलुङको गल्कोट नगरपालिकाको वडा न. ३ को हटिया बजारमा संचालनमा ल्याएको छ ।

यस शाखा मार्फत बैंकले ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सबै रिटेल बैकिङ सेवाका साथै साना तथा लघु व्यवसायीहरु माझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको छ ।

यस नयाँ शाखाको शुरुवातसँगै लक्ष्मी बैंकको शाखा संजाल ५० जिल्लामा १ सय ४३ शाखा, १३ एक्सटेन्सन काउन्टर र ५ हस्पिटल सेवा काउन्टर, १ सय ७७ एटिएम, २ हजार ५ सय भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ७१ शाखा रहित बैंकिग एजेन्ट पुगेको छ ।

यो शाखाको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ ।

सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, सानाव्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पुरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा आक्रामक रुपमा आफनो शाखा सेवा विस्तार गर्दै आएको छ ।

शाखाको विस्तारसँगै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, इन्टरनेट बैंकिग र मोवाईल फोन मार्फत बैंकिङ सेवाप्रादन गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड तथा ग्राहक अनुभवलाई अझ सशक्त पार्ने नीति लिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## जगदम्बा मोटर्सको ३ नयाँ शोरुम संचालनमा




काठमाडौं । नेपालका लागि टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले घटस्थापनाको पावन अवसरमा थप ३ शोरुम संचालनमा ल्याएको छ । लुम्बिनी प्रदेशका प्रदेश सभा सदस्य दिपेन्द्रकुमार अधिकारीको प्रमुख अतिथ्यमा परासीको बर्दाघाटमा फुटप्रिन्ट अटो हब प्रा.ली, बुढानिलकण्ठ नगरपालिकाका मेयर मिठाराम अधिकारीको प्रमुख अतिथ्यमा काठमाडौंको कपनमा यु आर मोटर्स एन्टरप्राइज प्रा.लि, र जिल्ला उद्योग बाणिज्य संघ घोराहीका अध्यक्ष टंक बुढाथोकीको प्रमुख अतिथ्यमा दाङको घोराहीमा नेबेल ट्रेडिङ गरि ३ शोरुम एकै दिन उद्घाटन गरेको कम्पनीले जनाएको छ । जगदम्बा मोटर्स नेपालमा टीभीएसका दूईपांग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो . कम्पनीले नेपालभर १४० भन्दा बढी डिलरको बलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टीभीएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल भएको पनि उल्लेख गरिएको छ । गुणस्तरीय उत्पादन, बिक्री पश्चातको सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धता मार्फत उपभोक्तालाई सन्तुष्टि दिँदै आएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## गल्फ लुब्रिकेन्ट्सद्वारा कार र मोटरसाइकलको नि:शुल्क परिक्षण




काठमाडौं । गल्फ इन्टरनेशनलको इजाजतपत्र प्राप्त नेपाल ल्युब आयल लिमिटेडले दशैंमा आ-आफ्नो घर आउने यात्रुलाई लक्षित गर्दै चारपांग्रे र दुइपांग्रे सवारी साधनमा नि:शुल्क परिक्षण क्याम्प आयोजना गर्ने भएको छ ।

असोज १३ देखि १५ सम्म सो क्याम्प आयोजना हुनेछ । कम्पनीका अनुसार दसैंको अवसरमा धेरैजना सडकबाट निजी सवारी साधनमा घर फर्कने हुदा उक्त यात्रा आरामदायी बनाउन गल्फ लुब्रिकेन्टसले महत्वपूर्ण ठाउँ पहिचान गरी नि:शुल्क परिक्षण गर्न लागेको हो ।

मलेखु, हेटौंडा, कावासोती, खुर्कोट, बर्दिवास, कोहलपुर, अटरिया, लौकी इटहरीमा चम्प स्थापना गरिएको छ । सो चम्पमा कम्पनीले गल्फ इन्जिन आयलमा १० प्रतिशत सम्म छुट र स्पेयर पार्ट्समा १० सम्म छुट पनि दिइने उल्लेख छ । फ्युल रिटेल र लुब्रिकेन्टको क्षत्रमा गल्फ विश्वमै परिचित ब्रान्ड हो र यसले अटोमोटिभ देखि इन्डष्ट्रियल सेक्टर सम्मका उत्पादन उपलब्ध गराउने पनि विज्ञप्तिमा उल्लेख छ ।



अखिल नेपाल फुटबल संघ (एन्फा)को कार्यसमिति सदस्य पदका लागि बुधबार भएको निर्वाचनमा रूपेश अधिकारी र दीपेन्द्र धिमाल निर्वाचित भएका छन्





माल्दिभ्समा जारी साबा महिला बास्केटबल च्याम्पियनसिपमा नेपालले दोस्रो जित निकालेको छ । तुलनात्मक कमजोर टोली भुटानमाथि नेपालले ६५-२६ ले हराएको हो ।

■ **नवौं राष्ट्रिय खेलकुद :**

## उद्घाटनसहित अधिकांश खेल पोखरामा

■ **सौर्य समाचार**

काठमाडौं । आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्य आयोजनास्थल पोखरा रङ्गशालामा उद्घाटन र समापन समारोहसहित अधिकांश खेल हुने भएका छन् । प्रतियोगिताअन्तर्गत विभिन्न १५ खेल र केही फाइनल खेल उक्त रङ्गशालामा हुने भएका छन् ।

प्रतियोगिताको तयारीका लागि गठन गरिएको खेलस्थल व्यवस्थापन समितिका अनुसार रङ्गशालाभित्र 'इनडोर' र 'आउटडोर' खेल सञ्चालन हुनेछन् । पोखरा रङ्गशालाभित्र एथलेटिक्स, ब्याडमिन्टन, क्रिकेट (महिला), टेनिस, बक्सिङ, भलिबल (पुरुष), जिम्न्यास्टिक, ह्याण्डबल (महिला र पुरुष), सफ्टटेनिस र स्क्वासका खेल हुनेछन् ।

यसैगरी उसु, बास्केटबल (पुरुष), आर्चरी, फेन्सिङ र खोखो (महिला र पुरुष) खेल हुने तय भएको छ । पुरुष फुटबल पोखराकै गोस्तेघाट खेलमैदानमा तथा पोखरा रङ्गशालामा हुनेछन् । महिला फुटबल स्याङ्जाको वालिङ, पृथ्वीनारायण क्याम्पस र पोखरा रङ्गशालामा हुने तय भएको छ । पोखरा रङ्गशाला बाहिर केही खेल स्थल तोकिएका छन् । फुलकन्ट्याक्ट



कराते र जुडो पोखराको प्रदर्शनी केन्द्र, शारीरिक सुगठन पोखरा सभागृह, पौडी फिस्टेल एकेडेमी तथा टेबलटेनिस कोल्मा बाहकोट समाजघरमा हुनेछ । महिला हक्की गण्डकी बोर्डिङ स्कुल र पुरुषको गौरीशङ्कर खेलमैदान, भारत्तोलन पोखरा उद्योग वाणिज्य सङ्घ, गल्फ हिमालयन गल्फ कोर्ष, साइक्लिङ रानीवन, ट्रायथोलन लेकसाइड, प्याराग्लाइडिङ सराङकोट, रग्बी भण्डारढिक खेलमैदान र कबड्डी रञ्जित पार्टी प्यालेसमा सञ्चालनको तयारी गरिएको छ ।

प्रतियोगिताका ३६ खेलमध्ये सुटिङबाहेक गण्डकीमा हुँदैछन् । पूर्वाधार नभएकाले सुटिङ काठमाडौंमा हुने खेलस्थल व्यवस्थापन समितिका उपसमितिका संयोजक राजेश गुरुङले बताउनुभयो । पुरुष क्रिकेट यसअघि नै काठमाडौंमा सम्पन्न भइसकेको छ । गण्डकीका मनाङ, मुस्ताङ, लमजुङ र तनहुँ बाहेकका जिल्लामा खेल खेलाइँदैछ। राष्ट्रिय खेलकुद आउन अब दुई साता बाँकी रहँदा तोकिएका खेलका पूर्वाधारको मर्मत र सरसफाइ सुरु भएको छ ।

प्रतियोगितालाई भव्य बनाउनका लागि पूर्वाधारको स्तरोन्नतिको काम सुरु भएको राष्ट्रिय खेलकुद परिषद् मातहतको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए । उनका अनुसार तोकिएका खेलस्थललाई खेल्न योग्य बनाउने तथा पूर्वाधार स्तरोन्नति, बत्ती, सरसफाइ, पानीको व्यवस्थालगायतका काम भइरहेका छन् । दशैंअघि पूर्वाधारको मर्मत सम्पन्न गर्ने योजना छ ।

योगीले भने, 'राष्ट्रिय खेलकुदका लागि तोकिएको खेल पूर्वाधारलाई राम्रो बनाउनका लागि स्तरोन्नति र मर्मत तथा सरसफाइ काम भइरहेको छ । खेलस्थलमा बत्ती, सरसफाइ, पानीको सुविधा, शौचालयको सरसफाइ तथा रङ्गरोगनलगायत काम सकेर व्यवस्थित प्रतियोगिता सञ्चालन गर्ने योजना छ ।'

यही असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशबाट सात सय दुई खेलाडीले नाम दर्ता गराएका छन् । गण्डकीले सहभागिता जनाउने सबै खेलको अहिले विशेष प्रशिक्षण भइरहेको छ । दशैंलगत्तै बन्द प्रशिक्षण हुने प्रदेश खेलकुद परिषद्ले जनाएको छ ।

■ **साबा महिला च्याम्पियनसिप**

## नेपालले श्रीलंकालाई हरायो

■ **सौर्य समाचार**

काठमाडौं । प्रतीक्षा मगरको उत्कृष्ट प्रदर्शनप्रेरित नेपाली महिला बास्केटबल टोलीले मंगलबार राति साबा महिला च्याम्पियनसिपमा साविक विजेता श्रीलंकालाई ५५-४९ को स्कोरमा पराजित गरेको छ ।

जितसँगै नेपालको उपाधि सम्भावना कायम छ । पहिलो खेलमा आयोजक माल्दिभ्ससँग ५१-४७ ले पराजित नेपालले गएराति उत्कृष्ट पुनरागमन गरेको हो । माल्दिभ्सको मालेस्थित सोसियल सेन्टर इन्डोर हलमा सम्पन्न खेलमा नेपालले पहिलो क्वार्टरमै १५-२ को अग्रता लिन सफल भएको थियो ।

दोस्रो क्वार्टरमा ३२-११ को अग्रता लिएको नेपालले तेस्रो क्वार्टरमा ४३-३३ को अग्रता लिएको हो । अन्तिम क्वार्टरमा नेपालले ५५-४९ को अग्रता लिँदै विजय हासिल गरेको हो ।

नेपालको जितमा प्रतीक्षा मगरले सबैभन्दा धेरै २१ स्कोर गरिन् । एलिशा मल्लले १४ स्कोर गरिन् भने मुना महर्जनले ९ स्कोर गरिन् ।

जितसँगै नेपालले २०१६ मा काठमाडौंमै सम्पन्न पहिलो संस्करणमा हारेको बदला लिन सफल भएको छ । उक्त खेलमा नेपाल श्रीलंकासँग ७५-४९ को स्कोरमा पराजित भएपछि उपविजेतामा सिमित बनेको थियो । श्रीलंका पहिलो संस्कारणको विजेता हो । श्रीलंकाले पहिलो खेलमा भुटानलाई ९८-३३ को स्कोरमा पराजित गरेको थियो ।

## युएईमाथि बंगलादेशको क्लिनस्विप

■ **एजेन्सी**

ढाका । बंगलादेशले घरेलु टोली युएईमाथि दुई टी-२० आई खेलको सिरिज क्लिनस्विप गरेको छ । दोस्रो टी-२०आइ खेलमा बंगलादेशले युएईलाई ३२ रनले हराउँदै क्लिनस्विप गरेको हो ।

जितको लागि १ सय ७० रनको विजयी लक्ष्य पछ्याएको युएईले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ३७ रन बनायो । युएईका कप्तान सिपी रिजवानले ३६ बलमा २ चौका र २ छक्कासहित सर्वाधिक ५१ रन बनाए ।

बासिल हमिदले ४० बलमा ४ चौकासहित ४२ रनमा आउट भए । ओपनर मोहम्मद वासिम १८, चिराग सुरी ५ र वृत्य अरविन्दले २ रन बनाए । बंगलादेशका मोसाद्देक हसनले सर्वाधिक दुई विकेट लिए ।त्यसअघि दुबई इन्टरनेशनल क्रिकेट स्टेडियममा टस हारेर पहिला ब्याटिङ थालेको बंगलादेशले २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ६९ रन बनायो । बंगलादेशका ओपनर मेहेदी हसन मिराजले ३७ बलमा ५ चौकासहित सर्वाधिक ४६ रन बनाए ।

लिटन दास २५, अफिफ हुसैन १८ र मोसाद्देकले २७ रन बनाए । युएईका अर्यान अफ्जल खानले सर्वाधिक दुई विकेट लिए । पहिलो खेलमा युएई बंगलादेशसँग ७ रनले पराजित भएको थियो । टी-२० विश्वकप अघि बंगलादेशले युएईमा गएर अभ्यास गरेको हो । त्यसैक्रममा सिरिज पनि खेलेको हो ।

## टेबलटेनिस च्याम्पियनसिपलाई सियोमको प्रायोजन




■ **सौर्य समाचार**

काठमाडौं । नेपाल एपीएम क्लबले आयोजना गर्ने 'नेपाल एपीएम अन्तर्राष्ट्रिय भेट्रान टेबलटेनिस च्याम्पियनसिप'लाई सियोम नेपालले मुख्य प्रायोजन गर्ने भएको छ ।

बुधबार सम्पन्न प्रायोजन सम्झौता कार्यक्रममा नेपाल एपीएम क्लबका निर्देशक दानबहादुर महता र सियोम नेपालका प्रबन्ध निर्देशक ज्याकी महर्जनले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । सम्झौताअनुसार कुल लागतको ४० प्रतिशत रकम सियोम नेपालले एपीएम क्लबलाई उपलब्ध गराउनेछ । अनुमानित रकम १२ लाख रुपैयाँ लाग्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताको दोस्रो संस्करण मंसिर १ देखि ३ गतेसम्म हुने एपीएम प्रालिले जनाएको छ । प्रतियोगितालाई अखिल नेपाल टेबलटेनिस संघले प्राविधिक सहयोग गर्नेछ । प्रतियोगितामा २०० भन्दा बढी खेलाडीको सहभागिता रहने क्लबका निर्देशक महताले बताए ।

ओलम्पिकमा स्वर्ण पदक जित्न सफल दक्षिण कोरियाकी याङ योङ झा प्रतियोगितामा प्रमुख अतिथि हुने आयोजकले जनाएको छ । योङ झाले कोरियाको सियोलमै सम्पन्न १९८८ को ओलम्पिकमा युगलतर्फ स्वर्ण पदक जितेकी थिइन् । त्यस्तै, उनले नयाँ दिल्लीमा सम्पन्न १९८७ को विश्व च्याम्पियनसिपमा पनि स्वर्ण पदक जितेकी थिइन् ।

भैसेपाटीस्थित नेपाल एपीएम क्लबकै हलमा हुने प्रतियोगितामा पुरुष एकल (४० वर्षमाथि), पुरुष एकल (५० वर्षमाथि), पुरुष एकल (६० वर्षमाथि) महिला एकल (४० वर्षमाथि), पुरुष टिम इभेन्ट गरी पाँच स्पर्धामा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा दक्षिण कोरिया, अमेरिका, बंगलादेश, भारत र बंगलादेशलगायतका देशबाट खेलाडी आउने क्लबका निर्देशक महताले बताए ।

पाँचौं स्पर्धाका विजेताले ५० हजार, उपविजेताले २० हजार र तेस्रो स्थान हासिल गर्ने दुई खेलाडीले १० हजार रुपैयाँ नगद पुरस्कार जित्नेछन् ।






**विश्व**

## जहाँ नवरात्रीमा कुमारी युवतीहरूले राक्षसको पूजा गर्छन्

■ **एजेन्सी**

कर्नाटका । 'निक्रो दुलैयारानी बाहिर पुरुष सुता, कोतवाल पुरुष सुता बसेर खिरकनमा, काँडे काटाया कान्टे, पाँच भाइ पाटे, छोमा फरक . . . ' आदि गीत गाउँदै अविवाहित युवतीहरू नवरात्रिमा नौ दिनसम्म भित्तामा रहेको दानवको मूर्तिमा फूल र पात छर्केर पूजा गर्छन् । बुन्देलखण्ड आफ्नो अनौठो परम्परा र चलनका लागि परिचित छ। यी चाडपर्व खेलहरू मध्ये एक हो नौरता, जुन अविवाहित केटीहरूले खेल्छन् । यो खेलमा नौ दिनसम्म चल्ने यो विशेष कार्यक्रममा केटीहरू मात्र सहभागी हुन्छन् । बुन्देलखण्ड नौर्ताको तयारी नवरात्रको चार-पाँच दिनअघिदेखि सुरु हुन्छ ।

केटीहरूले सेतो रङको (पन्ना) ढुङ्गा सङ्कलन गरी पीस्छन् । यसलाई पिसाउन तीनदेखि चार दिन लाग्छ । यो ढुङ्गाको धुलो रंगोली सजाइन्छ ।

केटीहरूले मोहल्लामा समूह बनाउँछन् । त्यसपछि कुनै एक घरमा नौ दिनसम्म पूजा गरिन्छ । नवरात्रिमा हरेक बिहान हुने यो विशेष पूजामा युवतीहरूले नौ दिनसम्म विधिबमोजिम बुन्देली गीत गाएर पूजा गर्ने गर्दछन् । भित्तामा दानवको छविको दुबै छेउमा सूर्य र चन्द्रमा बन्छन्।

प्लेटफर्ममा स्क्वायर बनाएर गाईको गोबरले मालेर रंगोली बनाइन्छ। दुज, तीज, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी, अष्टमी र नवमीसम्म यी वर्गहरूको संख्या क्रमशः बढ्दै जान्छ। केटीहरूले दानवको आरती गर्छन् र पानी चढाउँछन् । नवमीको दिन काँचो भाँडोमा सयौं प्वाल बनाएर त्यसभित्र दियो बालेर माथि दियो राखेर त्यो घट्टा टाउकोमा राखेर केटीहरूको समूह गीत गाउँदै गाउँ गाउँ जान्छन्, त्यहाँबाट अन्न र पैसा लिन्छन् ।

आश्विन शुक्ल प्रतिपदादेखि नौ दिनसम्म अविवाहित युवतीले नौरता



खेल्ने गरेको इतिहासकार सन्तोष पटारिया बताउँछन् । महाभारत कालमा यो खेलसँग एउटा कथाको कथा जोडिएको छ ।

वनवास कालमा पाण्डवहरू बसेको गाउँमा मानिसहरूलाई दानवको पीडा थियो, पछि भीमले त्यो राक्षसलाई मारिदिए । त्यसबेलादेखि नै यो पूजा विधि चलिरहेको हुनसक्छ, केटीहरूले आफु र परिवारलाई दानवबाट जोगाउन यो पूजा गर्ने गर्छन् । दोस्रो कथा यो पनि छ कि दुष्ट र अनैतिक राक्षसबाट आफूलाई बचाउन केटीहरूले राक्षसको पूजा गर्छन् र आफ्नो रक्षाको लागि प्रार्थना गर्छन् ।९० वर्षीया फुलरानीले महाभारतकालमा केटीहरूलाई मारेर खान्थे, भगवान् कृष्णको आदेशमा राक्षसले केटीहरूले उहाँको पूजा गरेमा उनीहरूको जीवन सुखमय हुने र उनीहरूलाई नखाने उपाय बताइन् । सबै प्रकारले रक्षा गर, राक्षसको दुष्टता हटाउन राक्षसको पूजा गरिन्छ ।


**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी